धार्मिक, ऐतिहासिक,पर्यटकीय तथा सांस्कृतिक सम्पदा र पदमार्ग



Copyright@MoFALD

तारकेश्वर नगरपालिकाका धर्मस्थली,काठमाण्डौं

तारकेश्वर नगरपालिकाको परिचय

पवित्र तीर्थस्थल तारकेश्वरकै नामबाट २०७१ मार्ग १६ गते तत्कालीन गोलढुङ्गा, धर्मस्थली, जितपुरफेदी, मनमैँजु, फुटुङ, काभ्रेस्थली, साङ्ला गाविसलाई समेटेर तारकेश्वर नगरपालिका घोषणा गरिएको हो । तारकेश्वर नगरपालिका अन्तर्गतका गाविसहरु मनमैँजुमा चारवटा (वडा नं ८, ९, १०, ११), फुटुङमा एकवटा (वडा नं ७), धर्मस्थलीमा एकवटा (वडा नं ६), गोलढुङ्गामा दुईवटा (वडा नं ४, ५), जितपुरफेदीमा एकवटा (वडा नं ३), काभ्रेस्थलीमा एकवटा (वडा नं २,) र साङ्लामा एकवटा (वडा नं १,) गरी एघारवटा वडा रहेका छन् । तारकेश्वर नगरपालिकाको क्षेत्रफल ३४.९ वर्ग किलो मिटर रहेको छ भने नगरको जनसंख्या ८१,४४३ रहेको छ । (वि स. २०६८ को जनगणना अनुसार) यस नगरमा ब्राह्मण, नेवार, तामाङ, क्षेत्री र मगर जातिको बाहुल्यता बढी रहेको पाइन्छ । यस तारकेश्वर नगरपालिका वडा नं १ देखि ११ मा विभिन्न धार्मिक, सांस्कृतिक, पौराणिक, ऐतिहासिक र पर्यटकीय महत्वका मठमन्दिर, माने, पाटीपौवा, देवल, शिलालेख आदि रहेका छन् । ती सम्पदाहरु आवश्यक प्रचार प्रसारको अभावमा ओझेलमा परेका छन् । कैयन् सम्पदाहरु त विलुप्त अवस्थामा समेत पुगिसकेका छन् । ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व भएर पनि तिनीहरुको उचित प्रचार प्रसार गर्न नसक्दा ती सम्पदा ओझेलमा परेका मात्र छैनन् तिनीहरुको महत्व पनि गर्भमा नै विलिन हुन पुग्ने देखिन्छ ।

तारकेश्वर नगरपालिकामा रहेका प्रसिद्ध सम्पदाहरुमा पुरानो गुह्येश्वरी मन्दिर, मनमैँजु मन्दिर, धर्मस्थली नगर, मुडिखुगढी, पाँचमाने स्तुप, तारकेश्वर महादेव मन्दिर, शान्तिगुफा, लखपात वा दगुर्ने पानी, मनोरथ तीर्थ, फुटुङ नागपोखरी, साङ्ला बालकुमारी, शान्तिधाम, सिद्धेश्वर महादेव मन्दिर, चोगाउँ सरस्वती मन्दिर, महाकाली मन्दिर, जितपुरफेदी, अकबरेश्वर महादेव, धर्मस्थली महाँकाल मन्दिर, भुवनेश्वरी मन्दिर, कालीदेवी मन्दिर, बुद्धपार्क, चुनदेवी(चुनीदेवी), महालक्ष्मी, जयादेवी(जयन्तीदेवी), भीमसेन, बालकुमारी, बौँडेश्वर महादेव, साङ्ला तुलजा मन्दिर, मनमैँजु ध्यानकुटी विहार, गोलढुंगाको छिर्तेन गुम्बा, लोकेश्वर, अष्टमातृका, योगिनी, इन्द्रायणी, बंगलामुखी, श्वेतभैरव, कृष्णमन्दिर, बुद्ध चैत्य, कृष्ण प्रणामी मन्दिर, रुद्रेश्वर, आशापुरी महादेव, गणेशथान, प्रिकुण, मच्छेन्द्रनाथ, बासुकी, विन्धवासिनी, पहरा गणेश, भीमसेन, चुनदेवी, साङ्ला तुलजा, नारायण स्तम्भलगायत अन्य महाङ्काल, गणेश, सरस्वती, तिनपिप्ले गोरखनाथ मन्दिरलगायतका देवीदेवताहरुका विभिन्न मठमन्दिरहरु यहाँ रहेका छन् । यसैगरी यस नगरमा लाखेनाच, गाईजात्रा, ठिनापुन्ही, कतिपुन्ही, मतया जात्रा र गुँलापर्व पनि मनाइन्छ । यहाँ रोपाइँजात्रा, हिलेजात्रा पनि मनाइन्छ । मनमैँजुमा मनमैँजुको भोटो देखाउने प्रचलन रहेका छ भने

मनमैँजु, फुटुङ र साङ्लामा लिङ्गो ठड्याउने चलन पनि रहेको छ । मनमैँजुमा चैत्र पूर्णिमामा र फुटुङमा नयाँवर्षका दिन लिङ्गो ठड्याउने गरिन्छ । यसैगरी साङ्लामा घोडेजात्रादेखि नै लिङ्गो ठड्याउने गरिन्छ । जुन लिङ्गो चैत्र पूर्णिमामा बालकुमारी र चुनदेवीको खट जात्रा समाप्त भएपछि विधिवत् रुपमा ढालिन्छ । यस नगरका विभिन्न स्थानमा विभिन्न समयमा विभिन्न जात्राहरु मनाइने गर्दछन् । तीमध्ये मनमैजु जात्रा ज्यादै प्रसिद्ध छ । यसैगरी धर्मस्थलीको पाँहाचह्रे र कतिपुन्ही जात्राको पनि आफ्नै महत्व रहेको छ भन्न सकिन्छ । यस्तै गोलढुंगा, साङ्ला, फुटुङमा मनाइने जात्राको पनि आफ्नै महत्व र विशेषता रहेको पाइन्छ । यी बाहेक नगरमा अन्य जात्रा पर्वहरु मनाइन्छन् । त्यस अवसरमा परम्परागत गीत गाउने तथा संगीत बजाउने पनि गरिन्छ ।

यस नगरमा विशेष प्रकारका जात्रा वा परम्परा रहेको छ । मनमैजुको जात्राभित्रको भोटो जात्रा जुन प्रचारप्रसारमा नआएको एउटा सांस्कृतिक परम्परा हो । त्यस्तै,पुरानो गुह्येश्वरीबाट वडादशैमा फूलपाती लाने चलन छ यसलाई पनि एउटा पृथक परम्पराका रुपमा लिन सकिन्छ । त्यसैले नगरले यस प्रकारका परम्परालाई झन सशक्त रुपमा अगाडि बढाउन सकेमा पर्यटकीय विस्तार हुनका साथै संस्कृतिको प्रचारप्रसार हुन गई त्यसको संरक्षण र सम्वर्द्धनमा सहयोग पुग्ने देखिन्छ । मठमन्दिरबाहेक यहाँ विभिन्न सत्तल, पाटी, चौतारा, ढुंगेधारा पनि रहेका छन् । द्यछेँ, थाल्को वा द्वारपाल, सुत्केरी ढुंगा, चैत्य, गुफा, झरना, मैदान, चौरआदिलाई पनि यस तारकेश्वर नगरका पहिचान वा आकर्षणका रुपमा लिन सकिन्छ । यसैगरी यहाँका विभिन्न वडामा मृत्यु संस्कार गरिने घाटहरु पनि रहेका छन् । त्यस्ता घाटहरु शेषमती, धर्मस्थली, मनमैँजु, अर्यालटार, विचारीथोक, जितपुरफेदी आदि स्थानमा रहेका छन् । ती स्थानहरु अतिक्रमणमा परेका छन् । तिनीहरुलाई समेत संरक्षण गर्न सकिएको छैन् । सार्वजनिक चौर, पोखरी, कुवा, वन जंगललगायतका ठाउँहरु पनि अतिक्रमणमा पर्दा ती सँग जोडिएका परम्परा, चालचलन, मूल्यमान्यताहरु लोप हुँदै गएका छन् । जसले प्रत्यक्षरुपमा हाम्रो संस्कृतिलाई प्रभावित पारेको देखिन्छ ।

तारकेश्वरका प्रमुख धार्मिक,ऐतिहासिक तथा पर्यटकीय सम्पदाः

पञ्चबुद्धको पवित्र भूमिः पाँचमाने

काठमाडौँ उपत्यकाका साँगा, बाडभञ्ज्याङ, पाटीभञ्ज्याङ जस्तै पाँचमाने भञ्ज्याङ पनि एउटा ऐतिहासिक भञ्ज्याङ हो । काठमाडौँको उत्तर/पश्चिमतिर अवस्थित पाँचमाने भञ्ज्याङ पञ्चबुद्धसँग सम्बन्धित स्थान हो । नेवारी संस्कृतिमा भने यो स्थल न्यागमणिका रुपमा लोकप्रिय छ । करिब २५५२ वर्ष पहिले जन्मेका गौतमबुद्धले बताए

अनुसारका पञ्चध्यानी बुद्धहरु बैरोचन, अक्षोम्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धिको स्मरणार्थ पाँचवटा स्तूप (माने) स्थापना भएको र पछि यिनै पाँचवटा स्तूपका कारण पाँचमाने नाम रहन गएको हो भन्न सकिन्छ ।

विक्रम सम्वत् २०१७ सालपूर्व काठमाडौँ उपत्यकाबाट पश्चिमतिर आवतजावत गर्ने प्रमुख मार्गका रुपमा पाँचमानेको विशेष स्थान रहेको पाइन्छ । केहीवर्ष पहिले पाँचमानेमा मानाङ्क मुद्रा फेला परेको थियो । जसका कारण पाँचमानेको अस्तित्व लिच्छवि कालदेखि नै भएको र यो त्यतिबेलादेखि नै प्रमुख व्यापारिक केन्द्र भएको अनुमान गर्न सकिन्छ । भोट र तिब्बतसँग व्यापारको प्रमुख मार्ग पनि पाँचमाने नै रहेको पाइन्छ । वडामहाराजधिराज पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकालाई वि.सं. १८२५ मा विजय प्राप्त गर्नुपूर्व उनले नुवाकोटलाई वि.सं. १८०१ मा हात पारेर आर्थिक नाकाबन्दी गरेका थिए । लिच्छवि, मल्ल तथा शाह कालसम्म पनि पाँचमाने व्यापारिक दृष्टिले महत्वपूर्ण मार्ग नै रह्यो । पाँचमाने बौद्ध धार्मिकस्थल संरचना निर्माणका सन्दर्भमा बेल्जियमका लेखक Hubert Decleerले सन् १०४१ मा अतीश दीपङ्करले विशाल पाँचमाने बौद्ध स्थल निर्माण गराएका हुन् भनी उल्लेख गरेका छन् । अतीस दीपङ्करको भोटयात्रा क्रममा भगवान्बहालको रक्षाको लागि बनाएका पाँच स्तूपहरुको उल्लेख उनको जीवनीग्रन्थमा छ । उनले १०४१-१०५५ इ.सं. भोट यात्रा गरेका थिए । ती पाँचवटा स्तूपले बुद्ध धर्मका पाँचवटा धार्मिक स्थललाई बुझाउँछ । पाँचमानेको प्रतीकात्मक चित्र काठमाडौँको थामबहिल बिहारमा रहेको छ भनी Hubert Decleerले Accounts of Svayambhu भन्ने पुस्तकमा उल्लेख गरेका छन् । पुस्तकमा वर्णन भएअनुसार भगवान्हरु बुद्धको स्वागतका लागि सगुन लिएर उभिएका छन् । उनीहरु शाक्यमुनी बुद्धको स्वागतमा

झ्याली (Cymbals) बजाइरहेका जस्तो देखिने काठको तोरणमा खोपिएको चित्र पाँचमानेको हुनुपर्दछ ।

जितेको पुरः जितपुरफेदी

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको बीचमा अवस्थित शिवपुरी पर्वतको काखमा रहेको ऐतिहासिक जितपुरफेदी नुवाकोट जिल्लाको ओखरपौवासँग जोडिएको छ । पञ्चबुद्धसँग सम्बन्धित पाँचमानेको पूर्वतिर र तारकेश्वरमहादेवको दक्षिणपट्टि शिवपुरीको काखमा पर्ने पर्ने यो स्थल ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । कुनैबेला प्रमुख व्यापारिक मार्ग बनेको यस स्थानले अहिले ऐतिहासिक विरासत सम्झनु बाहेक केही छैन । कलाकार महजोडीका म अर्थात् मदनकृष्ण श्रेष्ठको जन्मभूमिसमेत रहेको यस स्थानमा हिजोआज चहलपहल कम भएको पाइन्छ । पाँचमानेको जसलाई न्यागमणी पनि भनिन्छ । त्यसै ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेको न्यागमणी तलको फेदीमा रहेको चैत्यको निर्माण महामञ्जुश्रीले गरेको भन्ने किंवदन्ती पाइन्छ ।

जितपुरफेदीको नामकरणका सम्बन्धमा जितेको पुरबाट नै नामकरण भए पनि यस सम्बन्धमा केही मतमतान्तर पनि पाइन्छ । । वि.सं. १८४८ (इ.सं. १७९२ सेप्टेम्बर १९) तारिखको रात चिनियाँ तथा भोटका सेनाबिच भएको युद्ध जितपुरमा नभएर बेत्रावतीमा भएको भन्ने कुरा इतिहासमा पनि उल्लेख भएको पाइन्छ । कृष्णप्रकाश श्रेष्ठले स्थाननाम कोषमा नेपाल चीन युद्ध सन् १७९२ मा भएको र नेपाली फौजले चिनीया फौजलाई हराएको स्थानमा पहाडको फेदीमा बसेको शहर हुनाले जीतपुर रहन गएको हो भनी बालचन्द्र शर्माले नेपालके ऐतिहासिक रूपरेखा नामक पुस्तकको पृ.२४३ मा उद्दरण दिएका छन् । तर उक्तयुद्ध जितपुरफेदीमा नभई बेत्रावतीमा भएको तथ्य इतिहासविद् बाबुराम आचार्यको नेपालको सङ्क्षिप्त वृतान्त पृ.१०० मा उल्लेख गरेका छन् । त्यस्तै, चित्तरञ्जन नेपालको श्री ५ रणबहादुर शाह नामक पुस्तकको पृ. १०२ मा र ऐतिहासिक पत्रसङ्ग्रहमा पनि सप्रमाण उक्त कुरा पेश गरिएको हुँदा जितपुरफेदीमा लडाइँ भई जितेकाले जितपुरफेदी भनिएको कुरा असत्य ठहर्छ । सन् १८७१ सालअघि स्याङ्जादेखि काठमाडौँ आउँदा मूलबाटोमा नुवाकोट, पोखरा, सातमुहान, सोतीको पसल, कन्छा, गानेचौक, सिसाघाट, बाह्रफिर्के, खोप्लाङ, चोरकाटे, जरैवर, निमेल दोकान, बोरलाङघाट, हाँसेको पसल, निवेल दोवान, पन्ध्रकोषे, चरगेकोफेदी, भञ्याङभुरूङ, सामरी, त्रिशुली, बट्टार, रानीपौवा, जितपुर, धर्मस्थली, डुक्रनेपानी, र बालाजुबाट गुज्रनु पर्दथ्यो भनी सरदार भीमबहादुर पाडेँले त्यस बेलाको नेपाल नामक पुस्तकको प. १४३ मा उल्लेख गरेका छन् ।

।तर अर्को कथनअनुसार नेपाली फौजले चिनियाँ फौजलाई काठमाडौँ उपत्यका पस्न नदिई चातुर्यतापूर्वक लडाइँ गरी जितेको ठाउँ (पुर) बाट नै यसको नाम रहन गएको हो । पुस्तकमा उल्लेख भए अनुसार पृथ्वीनारायण शाहको पालामा नेपाल र भोटबीच भएको सन्धिलाई भोटले उलङ्घन गरी नेपालतिर आक्रमण गऱ्यो । त्यसको बदलामा नेपाली सेनाले भोट पुगी त्यहाँबाट सम्पत्ति लुटेर ल्याउनुका साथै केही पदाधिकारीलाई कैद समेत गराए । त्यसकारण वि.सं. १८४८ (ई.सं. १७९२) मा भोटको रक्षा गर्न भनी हजारौँ चिनियाँ सेना भोट आए । उनीहरु बेत्रावती, खरानीटार, थानसिङ, ककनी हुँदै पाँचमानेतिर बढे । नेपाली सेना पनि पाँचमाने वरपर तैनाथ थिए । जसको संख्या दुई तीनसयभन्दा बढी थिएन ।म हजारौँ चिनियाँ तथा भोट सेनासँग नेपाली सेनाले सहजै विजय प्राप्त गर्न सम्भव थिएन ।

यसपछि काठमाडौँ उपत्यकाको संरक्षणार्थ सरकारी ढुकुटी, गरगहना, बहुमूल्य पदार्थहरु मकवानपुर पठाइयो । वि.सं. १८४८ (इ.सं. १७९२ सेप्टेम्बर १९) तारिखको रात चिनियाँ तथा भोटका सेनाबिना अवरोध पाँचमाने आइपुगे । त्यतिबेला नेपाली सेनाले बडो चलाखीपूर्वक जङ्गलका बुट्टाहरुमा राँको बाँधी, तल मैदान फेदी वरपरका घरेलु जनावरका सिंगमा समेत राँकाहरु बाँधी छोडियो । त्यसपछि चिनियाँ सेनाहरु आफू चारैतिरबाट घेरिएको महसूस गर्दै त्यहाँबाट उत्तरपश्चिमतिर नै फर्किए । नेपाली सिपाहीले उनीहरुलाई बेत्रावतीसम्म लखेटे । यसरी चिनियाँ सेनाको कब्जामा रहेको भू-भागमाथि विजय प्राप्त गरेको वा जितेको कारण यस ठाउँको नाम जितपुर रहन गएको हो र पहाडको फेदमा भएकोले यसलाई जितपुरफेदी भनिएको हो । जुन कुरा

इतिहासकार बालचन्द्र शर्माद्वारा लिखित नेपालको ऐतिहासिक रूपरेखा नामक ग्रन्थमा समेत चर्चा गरिएको पाइन्छ ।

त्यस्तै, साबिक जितपुरफेदी गा.वि.स.मा तिनपिप्ले नजिकै एउटा बस्ती छ जसलाई कोट भनिन्छ । मल्लकालीन समयमा यहाँ कोत पूजा गर्ने गरिएकोले यस स्थलको नाम कोतबाट कोट रहन गएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । वि.सं. २०१७ मा तात्कालीन राजा मेहन्द्र नेपालको पश्चिम क्षेत्र सवारी हुँदा फेदीबजारको चहलपहल अर्कै थियो तर वि.सं २०१४ सालमा काठमाडौँ त्रिशुली सडक निर्माण भएपछि यो ठाउँ क्रमशः ओझेलमा पर्न पुग्यो । जितपुरफेदी वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको जन्मथलो पनि हो । वि.सं. २०७२ साल वैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पका कारण देशभरका थुप्रै सम्पदामा क्षति पुग्यो भने कैयन् सम्पदा ध्वस्त भए । यस्तै उक्त भूकम्पका कारण जितपुरफेदीमा निर्माणाधीन अवस्थामा रहेको माता भूवनेश्वरीको मन्दिर पनि पूर्ण रुपमा ध्वस्त भयो । अहिले त्यहाँ माताको पक्की मन्दिर पुनः निर्माण हुँदै छ । निर्माणाधीन अवस्थामै ध्वस्त बन्न पुगेको माता भूवनेश्वरीको मन्दिर तीन तले प्यागोडा शैलीको थियो ।

ऐहिासिक मुडिखुगढी र भ्यूटावर

नेपाल एकीकरणको अभियानमा काठमाडौँ बिजय प्राप्त गर्न पृथ्वीनारायण शाहलाई कम चुनौती थिएन । त्यसैले उनले चातुर्यता र बुद्धिमत्तापूर्ण तबरले लडाईं लडेर ती ठाउँमाथि विजयप्राप्त गर्न सफल भएका थिए । काठमाडौँ उपत्यकालाई सुरक्षित पार्न तथा उपत्यकाका मल्लराजाहरुले गोर्खाली तथा वाह्य आक्रमणबाट उपत्यकालाई जोगाउन ठाउँठाउँमा गढी, कोट, किल्ला निर्माण नगराएका होइनन्, यसै क्रममा निर्माण भएको एउटा गढी मुडिखु गढी पनि हो । मुडिखु गढी त्यति चर्चामा आएको देखिँदैन । त्यसो त नेपालमा रहेका थुप्रै गढीहरुको अध्ययन अनुसन्धान हुन बाँकी नै छ ।

गढीहरुसँग हाम्रा सांस्कृतिक, ऐतिहासिक मूल्य मान्यता पनि जोडिएका छन् भने यी सम्पदाले हाम्रो आन्तरिक तथा वाह्य पर्यटनलाई पनि विकास गर्न टेवा पुऱ्याएको छ । यस्ता गढीहरुको अध्ययनबाट हामीहरुले इतिहासका वीरयोद्धाहरुको बहादुरी, देशप्रेम, रणकौशल, कर्तव्यपरायण, अदम्य साहस तथा वलिदानको इतिहासलाई बुझ्न सक्दछौँ । काठमाडौँबाट करिब सात किलोमिटर पश्चिममा पासाङल्हामु लोकमार्ग नजिक जोडिएको गोलढुङ्गामा मुडिखु भञ्ज्याङ छ । त्यसै भञ्ज्याङको अलिकति पश्चिमपट्टि थुम्को छ । त्यसलाई नै गढीथुम्को अर्थात् थानागढी भनिन्छ । यो गढी अहिले पनि उपेक्षित अवस्थामा नै आफ्नो ऐतिहासक गाथा सङ्गालेर बसिरहेको पाइन्छ । गढीथुम्कोसँग नेपाल राज्य एकीकरणको एउटा महत्वपूर्ण गाथा जोडिएको छ । जुन गौरवगाथाको भग्नावशेषका केही अवशेषमात्र त्यहाँ देख्न सकिन्छ ।

तत्कालीन अवस्थामा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपाल एकीकरणलाई सार्थक बनाउन कान्तिपुर राज्य वरपरका राज्यमाथि विजय प्राप्त गर्नु बढी आवश्यक थियो । त्यसैले पृथ्वीनारायण शाहको पहिलो लक्ष्य नै उपत्यका वरपरका स-साना राज्य कब्जा गर्नु थियो । त्यसैले, नेपाल राज्यको एकीकरणमा सानो भएर पनि ल्हुतिकोट वा बालाजुको महङ्खवपूर्ण स्थान रहेको पाइन्छ । पृथ्वीनारायणको पहिलो दाउ नै वरपरका स-साना किल्ला जितेर यहाँका राजाको शक्ति कमजोर बनाउनु थियो । पृथ्वीनारायणको विशाल नेपाल एकीकरणको अवस्था ज्यादै सक्रिय रहेको हुँदा गोर्खाली आक्रमणबाट काठमाडौँको उत्तरभेग पनि अछुतो रहन सकेन । यसै क्रममा मुड्खु, धर्मस्थली तथा बालाजु (ल्हुतिकोट) लाई पृथ्वीनारायण शाहले एकीकरणको क्रममा विजय प्राप्त गरेको इतिहासमा पाइन्छ । इतिहासविद् बाबुराम आचार्यद्वारा लिखित् श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी नामक कृतिमा समेत मुडिखुगाउँको उल्लेख भएको पाइनुले पनि वास्तवमा नेपालको इतिहासमा मुडिखु ऐतिहासिक गाउँ भएको सहजै अनुमान गर्न सकिन्छ । बाबुराम आचार्यद्वारा लिखित् श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी नामक कृतिमा उल्लेख भएको छ 'काहुले भञ्ज्याङ्गबाट झरेपछि लिच्छविकालदेखि आवाद भएर रहेको बस्ती धर्मस्थली गाँउ थियो, त्यो दखल गर्न कठिन थिएन । त्यसका बगलमा पश्चिमपट्टि खँड्का क्षत्रीहरुको बस्ती भएको मुडिखु गाँउ थियो र त्यहाँका मुख्य भएर रहेका हरि खँड्कालाई आफ्ना पक्षमा मिलाउन श्री ५ पृथ्वीनारायण शाहले प्रयत्न गरे (जनवरी १७६५) । त्यो प्रयत्न विफल हुँदा अप्रिलका आरम्भमा श्रीकृष्ण पाठकका नेतृत्वमा गएको गोर्खाली सैनिक दलले मुडिखुठानामा आक्रमण गऱ्यो ।

गोर्खालीद्वारा भएको यस आक्रमणलाई खँड्काहरुका नेतृत्वमा मुडिखुठानाको रक्षाका लागि रहेको सैनिक दलले खप्न सकेन र सजिलैसित पराजित भयो । खँड्काहरुका नेता हरि खँड्का र निजका छोरासमेत २०–२५ जनाले आत्म समर्पण गरे र यिनका साथ १६४ जना मुडिखुले पक्रिएर नुवाकोटमा लगी कैद गरिए ।' त्यसपछि मुडिखुमाथि गोर्खालीहरुको आधिपत्य कायम भएको पाइन्छ । भाषा वंशावलीजस्तो प्राचीन ग्रन्थमा समेत मुडिखुको चर्चा भएबाट यसको प्राचीनता रहेको सहजै अनुमान गर्न सकिन्छ । मुडिखुका बारेमा भाषावंशावलीमा यस्तो उल्लेख छ–'त्यहाँ पछि फेरि गोर्षा माहाराजका लस्कर मुडिगु ठाना प्रवेश गरि ....।' परन्तु, श्री ५ पृथ्वीनारायण शाहले नुवाकोटबाट रामकृष्ण कुँवरलाई जेष्ठवदि ७ रोज ७ अर्थात् ११ मे, १७६५ मा लेखेका लालबाकसमा रहेका पत्रको पञ्जिकाको सारांश भने यस्तो छ– 'मुडिषु फत्य भयो र भर माग्या र तिम्रा कविला ल्याउ तव भर दिउंला सरण पनि लिउँला भन्यौ र जना ४० ठानाबाट निकासीकन कविला लिन गयो । हरि षड्का छोरा समेत २०/२५ आया । हरि षड्का प्रमुख मुडिषुल्या १६४ वंधी गरी राष्या छौँ ।' उक्त ऐतिहासिक तथ्य बाबुराम आचार्यको उक्त पुस्तकमा उल्लेख छ ।

हालको मुड्खुढोका भन्ने ठाउँमा पहिले गजवारसहित जङ्गबहादुरको पालामा निर्माण गरिएको काठको ढोका थियो । नागार्जुन जङ्गलको चारैतिर पर्खाल लगाई डिमार्केशन गर्ने क्रममा उक्त ढोका पनि निर्माण गरिएको थियो । बाहिरी आक्रमणको सुरक्षाका लागि तत्कालीन अवस्थामा यो पर्खाल लगाइएको हो । आवश्यक परेको बेला ढोका खोलिन्थ्यो भने नत्र ढोकामा भोटे ताल्चा लगाएर त्यो बन्द गरिन्थ्यो । तर उक्त मुड्खुढोकाको अस्तित्व पनि वि.सं. २०१४ मा त्रिशुली सडक (हालको पासाङल्हामु मार्ग) निर्माणपछि एकाएक हराउन पुग्यो । उक्त जङ्गबहादुरकालीन मुड्खुढोका जङ्गलबाहिर परेकोले सो ढोका बिलाउन पुगेको हो । त्यसपछि मुड्खुढोकाको ऐतिहासिक महत्व क्रमशः बिलिन बन्न पुग्यो भने पनि हुन्छ । त्यसो त मुड्खुका बारेमा नेपालको सङ्क्षिप्त वृत्तान्त भन्ने पुस्तकमा 'नुवाकोटबाट काठमाडौँतर्फ आउने प्रमुख मार्ग मुड्खुढोकालाई सुदृढ बनाइ राख्नको निमित्त कान्तिपुरका राज्यका राजाहरुले यस किल्लाको सुरक्षाको जिम्मेवारी स्थानीय खड्का युवाहरुलाई प्रदान गर्दै आइरहेका थिए । अन्य गाउँहरु माथि नियन्त्रण गर्न सम्भव नहुने र कीर्तिपुरबाट मुडखुकोटतर्फ लाग्दा बाटोमा अचेलको बालाजु नजिक ल्हुतिकोट नामको अर्को प्रसिद्ध किल्ला पर्ने भएकोले सबैभन्दा पहिले यसै किल्लामाथि अधिकार स्थापित गर्ने योजना पृथ्वीनारायण शाहले बनाइरहेका थिए' उल्लेख छ । मुड्खुस्थित ऐतिहासिक गढीथुम्कोको अस्तित्व अहिले सङ्कटमा परेको छ ।

प्रारम्भमा गढी थुम्कोमा ५ वटा थुम्का थिए तर हाल ३ वटा मात्र रहेका छन् । वि.सं. ०४४/४५ सालतिर गढीको पश्चिमपट्टिको भाग भत्केको बेला प्राचीन गोली भेट्टिएको थियो । अझ यहाँ उत्खनन भएमा महत्वपूर्ण प्रमाण फेला पर्न सक्छ । गढी थुम्को वरपरको भू-भाग दिन प्रतिदिन अतिक्रमणमा परेको र संरक्षणको अभावमा यो स्थान

उपेक्षित बन्न पुगेको छ । यहाँ भ्यू-टावर निर्माण गरिएको छ । भ्यू-टावर निर्माणपछि आवश्यक रेखदेखको अभावमा तथा सुरक्षा हुन नसक्दा यो स्थान ओझेलमा परेको देखिन्छ । दिनहुँ थुप्रै सर्वसाधारण मानिस भ्यू-टावरमा चढ्न, दृश्यावलोकन गर्न आउने गर्दछन् । निर्माण पश्चात् संरक्षणमा कुनै पनि निकायले चासो नदिँदा कतै यसको महङ्गव घट्ने पो हो कि भन्ने चिन्ता पनि स्थानीयमा बढेको पाइन्छ । त्यसो त यसको प्रचार प्रसार पनि हुन सकेको छैन । ऐतिहासिक गढी थुम्कोको भ्यू-टावर नजिक वि.सं. २०७१ कार्तिकमा उत्तरपट्टिको समथर भागमा खन्दा जमिनमुनि पुरिएर रहेको अवस्थामा ढुंगाको जग र प्राचीन तेली ईटा समेत फेला परेको थियो । हालसम्म यसको कुनै पनि खोज तथा अनुसन्धान नभएकोले यस स्थलको ऐतिहासिक पक्ष अझै ओझेलमा पर्न पुगेको सहजै आभाष हुन्छ । मल्लकालीन र शाहवंशीय इतिहासको दस्तावेजलाई बोकेर बसेको मुड्खु र गढीथुम्कोको ऐतिहासिक पक्ष ओझेलमा परेको छ ।

नेपाल एकीकरणको पृष्ठभूमिमा जितपुर र गोलढुङ्गास्थित गढीथुम्कोको महत्वका सन्दर्भमा इतिहास शिरोमणी बाबुराम आचार्यले समेत उल्लेख गरेकाले यस स्थानको महत्व व्यापक रहेको छ। पृथ्वीनारायण शाहले नेपाल एकीकरणका क्रममा तिनपिप्लेमा गोरखनाथको थपना गरेर पूजा गरेको तथा किसन्डोल हाइटमा मगर गाउँमा रहेको महाकालीको थपना गरी पूजा गरेकाले यस स्थानको ऐतिहासिक महत्व झल्कन्छ ।

लखपात अर्थात् डुक्रने पानी

'यो बालाजुको डुक्रने पानी डुक्रन्छ गोरुझैँ
मै पनि अब छहरा बनी पहरा फोरुँझैँ ।'

राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा लिखित् 'किन्नर किन्नरी' कविता गीत सङ्ग्रहमा सङ्गृहीत यी सुन्दर पङ्क्तिले डुक्रने पानी भनेर बालाजुनेर अर्थात् गोलढुङ्गाको दगुर्ने पानीलाई नै बुझाउँछ । राजधानीबाट पश्चिमतर्फ नागार्जुन पहाडको फेदीमा साविक गोलढुङ्गा गा.वि.स. वडा नं. १ अर्थात् हालको तारकेश्वर नगरपालिका वडा नं. ४ मा पर्ने दगुर्ने पानीमा हिजोआज पानी दगुर्ने कुरा त एकादेशको कुरा नै भइसक्यो । कुनैबेला हुत्तिएर बेतोडले पानी बगेर आउने दगुर्ने पानीको पोखरी अहिले खाली चौरमा परिणत भएको छ । यहाँको पानी गोरुझैँ डुक्रने भएर नै यसको नाम डुक्रने पानी रहन गएको धेरैको तर्क छ । विगतमा यहाँ सुन्दर पोखरी रहेको थियो । पछि उक्त सुन्दर पोखरी माटो र फोहरले पुरिन पुग्यो । पचासको दशकसम्म यहाँ पानी आउने गर्दथ्यो तर त्यसपछि पानी मुहान सुकेपछि दगुर्ने पानी पोखरीको सौन्दर्य एकाएक हराउन पुगेको हो ।

प्रख्यात गायिका रानुदेवीद्वारा गाइएको गीतको अंशमा समेत डुक्रनेपानीको चर्चा पाइन्छ :–

बालाजूमाथि डुक्रने पानी त्यहीँमाथि रानीवन.....।

गोलढुङ्गाको चिनारीको रुपमा समेत रहेको दगुर्नेपानीको उत्खनन र खोजकार्यको कुनै सार्थक पहल अहिलेसम्म भएको छैन । यो ऐतिहासिक पोखरी राणाशासन कालमा राणाहरुको क्रीडास्थल रहेको र त्यतिबेला यसको छुट्टै महत्व रहेको पाइन्छ । राष्ट्रकवि माधवप्रसाद घिमिरे, महाकवि लक्ष्मीप्रसाद देवकोटा, युगकवि सिद्धिचरण श्रेष्ठ लगायतका कवि स्रष्टाहरुको रमणीय ठाउँका रुपमा समेत डुक्रनेपानी रहेको तथ्य उनीहरुका कविता, निबन्धमा भेट्न सकिन्छ । कवित्रय घुम्दै डुक्रने पानी आउने र यहाँका आफन्ती कहाँ बसेर चुरोट, तमाखु खाने गरेको कुरा उनीहरुका रचनामा पाइन्छ । यसको ऐतिहासिकताको बारेमा राजेश्वर देवकोटाले मिर्मिरे मासिकको २०६० असार अङ्कमा यस्तो उल्लेख गरेका छन् 'धर्मस्थलीबाट डुक्रने पानी पुगियो । खडेरी परेको बेला यहाँ बसाहा डुक्रिँदो रहेछ, त्यस्तै किम्वदन्तीको आधारमा त्यसको नाम परेको होला ।

जनकलाल शर्माको हाम्रो समाज एक अध्ययन अनुसार 'काठमाण्डूको प्रसिद्ध ठाउँ बालाजुको छेउमा डुक्रने पानी नामको एउटा ठाउँ छ । त्यहाँ वर्षा चाँड ो नभए गर्ने कृत्य अर्कै प्रकारको देखिन्छ । डुक्रने पानीमा एउटा ढुङ्गाको बसाहा छ ।

सम्भवतः त्यो बसाहा पहिले त्यहाँको गौचरमा राखिएको हुँदो हो । काठमाण्डू उपत्यकाको गौचर भूमिमा बसाहा राख्ने प्रथा पहिले आम प्रचलनमा थियो । जनसङ्ख्याको वृद्धिले गर्दा गौचर भूमि मासिँदै गएपछि प्राचीन समयमा राखिएका गौचर भूमिका प्रतीक बसाहा यस्तै लावारिस हुँदै गए । यस्तै लावारिस बसाहा डुक्रने पानीमा पनि छ । पहिले त्यो बसाहा गौचर भूमिको प्रतीक हुँदो हो तर आज त्यो

बसाहा वर्षा गराउने एउटा साधन हुनपुगेको छ । वर्षा हुन विलम्व हुनासाथ त्यहाँका कृषकहरु मिलेर त्यस ढुङ्गाका बसाहालाई नोलले खुब हिर्काउँछन् र लडाएर उत्तानो पार्दछन् । यसरी कुटेर उत्तानो पारेको त्यो बसाहा राती उठेर डुक्रिन डुक्रिन थाल्दछ ।

बसाहा डुक्रेको अनुभव किसानले गर्दछन् र वर्षा पनि हुन्छ भन्ने विश्वास गरिन्छ । यस प्रकार बसाहा डुक्रँदा पानी पर्ने हुँदा त्यस ठाउँको नाउँ नै डुक्रनेपानी हुनगयो र आज पनि त्यही नाम कायम छ ।'

प्रारम्भमा यस पोखरीको छेउमा शिवलिङ्ग र साँढे रहेकोले पोखरी पुरिँदै गएपछि पोखरीको पूर्वपट्टि रहेको महादेव खोलाको किनारामा पीपलको रुखमूनि ती मूर्तिलाई स्थापना गरिएको छ । वर्षामा नागार्जुन पहाडबाट आएको भेल बाढीका कारण यो दगुर्ने पानी पोखरी केहीवर्ष अगाडि पुरिएको थियो । केही वर्ष पहिले यस पोखरीमा पानीको मुहान भेटिन्छ कि भनेर पुरिएको पोखरीलाई खन्ने काम पनि नभएको होइन तर उत्खनन गर्दा पनि पानीको कुनै मुहान फेला परेन । त्यही पोखरी भएको ठाउँमा हाल फलामे बारले घेरिएको छ र उक्तपोखरी खेल्ने चौरमा परिणत भएको छ । दगुर्ने पानीलाई नेवारी भाषामा लखपात भनिन्छ । पानी दगुर्ने भएकोले नै नेवारीमा ल पा भनिएको हो । ल पा बाट नै लखपात नाम रहन गएको देखिन्छ । त्यस्तै लखपातल (मृगस्थली) मा रहेको वाणेश्वर मन्दिरको शिलालेखमा पनि यस ठाउँको चर्चा पाइन्छ । स्वस्तिश्री गणेशाय नमः श्री शाक्य १७३२ विक्रमादित्य सम्वत् १८७२, मिति ..... राणाले लषुपातल मृगस्थलीमा वाणेश्वर स्थापना गरी देवल पाटी पौवा बनाई..... ।

नगरपालिकाको नामकरणसँग जोडिएको तीर्थः तारकेश्वर

काठमाडौँ उपत्यकाको उत्तरतिर पर्ने शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने अनेकौँ तीर्थस्थलमध्ये एउटा महत्वपूर्ण तीर्थस्थल हो तारकेश्वर । ऐतिहासिक पाँचमाने र जितपुरफेदीबाट अल्ले ब्यारेक हुँदै पुग्न सकिने तारकेश्वर महादेव मन्दिरमा प्रायः जनै पूर्णिमाको दिन ठूलो मेला लाग्दछ । प्राकृतिक सौन्दर्यको खानी समेत मानिने शिवपुरी पर्वतमालाको काखमा रहेको तारकेश्वर महादेव मन्दिर हिन्दू धर्मावलम्वीहरुको महत्वपूर्ण धार्मिक तीर्थ हो । स्कन्दपुराणको केदार खण्डको माघमहात्म्य श्री स्वस्थानी व्रतकथामा वर्णन भए अनुसार सतीदेवीको दाहिने तिघ्रो पतन भएको स्थानमा तारकेश्वर महादेव उत्पत्ति भई शिवशक्ति स्वरुपले रहे भन्ने उल्लेख छ । तारकेश्वर महादेव मन्दिर पहरामा रहेको छ । तारकेश्वर महादेव मन्दिर नजिकै झरना, गुफा, पोखरी, पाटी पनि रहेका छन् । नववर्ष, एकादशी, शिवरात्री, जनैपूर्णिमा जस्ता तिथि वा चाडपर्वमा टाढाटाढाबाट भक्तजनहरु यहाँ पूजाआजा गर्न र मेला भर्न आउने गर्दछन् ।

देव र दानवको युद्धमा कार्तिकेयलाई भाला चलाउने अधिकारमात्र दिइएको थियो तर उनकी श्रीमती भल्लिमाला र देवसेनालाई बाण, ब्रह्मास्त्र, वायव्यास्त्र, अग्न्यास्त्र

चलाउने अधिकार प्राप्त थियो। दानवसँग युद्ध गर्न जाँदा अघोर स्वरुपमा म तारकेश्वरमा रहन्छु भनी स्वयम् शिवजीले देवसेना र अन्य सेनालाई भन्नु भएको थियो। त्यसैले युद्धभूमिमा जान सिद्धि प्राप्त गर्नुपर्ने तथा हातहतियार आवश्यक परेकोले सो प्राप्त गर्न सबै देवगण तारकेश्वर पुगेका थिए। त्यसपछि देवगणले महादेवको प्रार्थना गरी उक्त हतियार र सिद्धि प्राप्त गरेका थिए। मनको इच्छा पूरा गर्न वा केही सामग्री माग्न तारकेश्वर मन्दिरमा गएर प्रार्थना गर्ने प्रचलन भएको कुरा कविन्द्र प्रताप मल्लको हनुमानढोकास्थित शिलालेखमा पनि उल्लेख छ। जुन कुरालाई शिलाभी सारमा समेत उल्लेख गरिएको छ। त्यसैले, हिजोआज मानिसहरु आफ्नो मनोकाङ्क्षा पूरा होस भनेर तारकेश्वर महादेव मन्दिरमा पूजाआजा गर्न जाने गर्दछन्। पहरामा रहेका तारकेश्वर महादेवको पूजा अर्चना गर्न थुप्रै भक्तजन जाने गर्दछन्। तर पहरामा रहेका महादेवको पूजा गर्न उक्लनु पर्ने भएकाले त्यहाँ उक्लन राखिएको फलामे भऱ्याङ पनि जीर्ण अवस्थामा पुगिसकेको छ। जसले गर्दा भक्तजनलाई साह्रै अप्ठेरो परेको देखिन्छ।वि.सं. २०५६ माघमा कालीबाबाको मृत्यु भएपछि उनको समाधिस्थ गरिएको ठाउँमा शिवलिङ्ग निर्माण गरिएको छ। कालीबाबाको कुटी पनि वैशाख १२ र २९ को भूकम्पले भत्किएको छ। खासै भन्ने हो भने तारकेश्वरको भव्यता नै ओझेलमा पर्न पुगेको देखिन्छ। प्राकृतिक सुरम्य वातावरणमा रहेर पनि यसको रमणीयता नै लुटिएको आभाष हुन्छ।

तारकेश्वर महादेव मन्दिरलाई पवित्र तीर्थका रुपमा लिइने भएकाले प्रायः थुप्रै भक्तजन विभिन्न चाडपर्व र तिथिमा त्यहाँ पुग्छन्। त्यसको अलावा विदाको समयमा घुमफिर गर्न पनि मानिसहरु तारकेश्वर जाने गर्दछन्। यो शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जअन्तर्गत पर्ने भएकाले यहाँ जाने जोकोहीले पनि निकुञ्जको नियम पालना गर्नु वाञ्छनीय छ। तारकेश्वर वरपर विभिन्न प्रकारका चराचुरुङ्गी, फूल, पुतलीको

अवलोकन गर्न सकिन्छ। तारकेश्वर मन्दिर पुग्न ठाउँठाउँमा छिडीको व्यवस्था गरिएको भए पनि मन्दिर परिसरको भने खासै व्यवस्था भएको छैन। मन्दिरको काखमा रहेको पोखरीको सरसफाइ नभएकोले त्यसको सौन्दर्य हराउन पुगेको छ। त्यस्तै, त्यहाँ रहेको पाटी तथा आश्रम पनि खण्डहर बन्न पुगेको देखिन्छ।

तारकेश्वर महादेव मन्दिरको शिरोभागमा अर्थात् तारकेश्वरबाट करिब १ घण्टा उकालो चढेर द्यौलेश्वर महादेवको शिवलिङ्गमा पुग्न सकिन्छ। जहाँबाट उपत्यकाको मनोरम दृश्य अवलोकन गर्नसकिन्छ। हालसम्म यस स्थानको प्रचारप्रसार तथा निर्माणका लागि कुनै पनि योजना तयार नभएकाले यो तीर्थ उपेक्षित अवस्थामा रहेको प्रतीत हुन्छ। देवादिदेव महादेवको पावन तीर्थस्थलको प्रचार प्रसार गर्न एउटा गुरुयोजना निर्माण गर्नुपर्ने देखिन्छ। त्यसका लागि पर्यटन मन्त्रालय, राष्ट्रिय निकुञ्ज र नगरपालिकाले ठोस कदम चाल्नुपर्ने देखिन्छ।

मनमैँजु मन्दिर, जात्रा र परम्परा

काठमाडौँ उपत्यकाको उत्तरी भेगमा एउटा प्राचीन मन्दिर छ जसलाई मनमैँजु मन्दिर भनिन्छ। पुरानो गुह्येश्वरी मन्दिरको पूर्वपट्टि गोंगवू गणेश नजिकै विष्णुमती नदी किनारामा रहेको मनमैजु देवीलाई आस्थाको रुपमा लिइन्छ। मनोहर तीर्थको किनारमा रहेको मनमैँजुको उत्पत्तिका सन्दर्भमा विभिन्न आख्यान पाइन्छन्। मनमैँजु मन्दिरको उत्पत्ति सम्बन्धमा एउटा किंवदन्ती पाइन्छ।

मनमैँजु तथा गोंगवू क्षेत्र प्राचीन समयमा पूरै जङ्गलले भरिएको थियो । एकदिन एउटा व्याधा शिकारीले मृगलाई मार्ने प्रयास गर्दा उक्त मृग भागेर मनोहर तीर्थ पुगेछ र तत्कालै मृत्युवरण गर्न पुगेछ । मृगले मर्नु अगाडि मैले व्यर्थमा मृत्युवरण गर्नुपर्‍यो अर्को जुनीमा मैले व्याधासँग बदला लिन पाउँ भनी याचना गरेछ । त्यसपछि त्यो मृग अर्को जुनीमा बाघ र व्याधा चाहिँ बँदेलको रुपमा जन्मन पुगेछन् । एकदिन अचानक ती दुबैको भेट त्यही मनोहर तीर्थमा भएछ । बदेँल र बाघको घमासान लडाइँ भएछ । लड्दा लड्दा दुबैले मृत्युवरण गरेछन् र स्वर्गमा पुगेछन् । यस घटनाबाट आश्चर्यचकित भएर राजा इन्द्रले ती दुबैलाई सोधेछन् । दुबैले मनोहर तीर्थको प्रतापका कारण भएको बताए छन् । त्यसो भए म पनि मर्त्यमण्डलको त्यो मनोहर तीर्थ हेर्न जान्छु भनी इन्द्र मनोहर तीर्थ आएछन् ।

त्यहीबेला इन्द्रले तीर्थबाट स्नान गरी निस्किएकी मनमैँजुलाई देखेछन् । त्यो देखेर इन्द्र पनि ती सुन्दरीप्रति लोभिएछन् । कुरुप भएर बिबाह हुन नसकेकी ती जितपुरकी मनमैँजु आठ दिदीबहिनी मध्येकी सबैभन्दा कुरुप थिइन् । इन्द्रले ती मनमैँजुसँग एकरात बिताएछन् । भोलिपल्ट इन्द्रले आफू पृथ्वीमा एउटा मानवकन्यासँग भुलेको थाहा पाए । स्वर्ग जानलाग्दा मनमैँजुले नजान बिन्ति गरिन् । म तिमीलाई यो जुनीमा इन्द्रपुरी लान सक्दिनँ तर अर्को जुनीमा भने तिमी मेरी इन्द्रायणी बन्नेछ्यौ' भनी इन्द्र त्यहाँबाट इन्द्रपुरी प्रस्थान गरेछन् । मनमैजु देवीको उत्पत्ति सम्बन्धमा अर्को किम्वदन्ती पनि रहेको छ । परापूर्व कालमा काठमाडौँ जितपुर गाउँकी मन नाम गरेकी कन्याले विष्णुमती र महादेवखोलाको दोभानमा बसी इन्द्रको तपस्या गरिछन् । तपस्याबाट इन्द्र प्रकट भएर कन्यालाई वर माग भनेछन् । कन्याले पनि इन्द्रलाई नै पतिका रुपमा पाउनुपर्ने वर मागिछन् । इन्द्रले ती कन्यासँग विवाह गरे तर कुरुप भएका कारण स्वर्ग लैजान मिल्दैन तिमी यहीँ बसी कुरुप मानिसलाई सुन्दर बनाउनु भन्ने वरदान दिई स्वर्गतिर लागेछन् । यद्यपि मनमैजुलाई इन्द्रायणी देवीका रुपमा पुजिने गरिन्छ भने छालासम्बन्धी रोग भएकाहरु यीनै देवीको पूजा अर्चना गर्ने गर्छन् । यसो गर्नाले रोग निको हुने जनविश्वास पनि छ । त्यसैले मनमैँजुलाई सुन्दरताकी देवी पनि भनिन्छ ।

मनमैँजुको यही आस्था र विश्वासकै कारण प्रत्येक वर्ष ल्हुतिपुन्हिदेखि पाँचदिनसम्म रथयात्रा हुन्छ । मनमैँजु देवीको पूजाअर्चना गर्न थुप्रै भक्तजनहरु त्यहाँ उपस्थित हुन्छन् । स्वस्थानीमा वर्णन भएअनुरुप मनमैँजुमा सतीदेवीको दाहिने तिघ्रा पतन भएको थियो । मन्दिर नजिकै महादेवको मन्दिर पनि छ । राजा गुणकामदेवको पालामा यस मन्दिरको स्थापना गरिएको इतिहासमा उल्लेख छ । यहाँ नेपाल सम्वत् १०३५ भन्दा पुरानो शिलापत्र भेटिएको छ भने राणा प्रधानमन्त्री चन्द्रशमशेर र तत्कालीन राजा महेन्द्रले यस मन्दिरको जीर्णोद्धार गरिएको देखिन्छ । पित्तलको छाना र आकर्षक मन्दिर रहेको यस मन्दिरमा रहेका टुँडाल र तोरणमा यौनकलाका आकृति पनि देख्न सकिन्छ । मनमैँजुलाई इन्द्रायणी देवीका रुपमा प्रायः सबैले पूज्ने गर्दछन् ।

खासगरी प्रत्येक वर्ष चैत्र शुक्ल चतुर्दशीका दिनदेखि पाँच दिनसम्म यस मन्दिरमा पूजाअर्चना हुने गर्दछ। यस अवसरमा मन्दिर परिसरमा लिङ्गो गाड्ने, रथमा मनमैजुको मूर्ति राख्ने तथा रथ वरिपरि उभिएर धामीहरु काँप्ने गर्दछन्। नेपाल संवत् ७८६ मा प्रताप मल्लले यस मन्दिरको स्थापना गराएको देखिन्छ। सो कुरा मन्दिरको बाहिरी मूल ढोकाको उत्तरपट्टि पूर्व फर्काएर राखिएको शिलालेखमा उल्लेख छ। वि.सं. २०३१ सालमा सञ्चार मन्त्रालयबाट प्रकाशित मेचीदेखि महाकाली नामक पुस्तकको दोस्रो भागमा मनमैजु मन्दिरको स्थापना वि.सं. १७४८ मा भएको कुरा उल्लेख छ। मन्दिरमा भएको अर्को शिलालेखमा राजा गिर्वाणयुद्ध वीरविक्रम शाहदेवले आफ्नी जेठी महारानीको नाममा यस मन्दिरको नित्य पूजालाई भनी वि.सं. १८५८ मा गुठी स्थापना गरिएको देखिन्छ। वि.सं. २०१७ सालमा तत्कालीन राजा महेन्द्रबाट मन्दिरको जीर्णोद्वारका लागि केही रकम उपलब्ध गराएको पाइन्छ।

इतिहासअनुसार राजा गुणकामदेव मल्लले कान्तिपुर सहरको स्थापनासँगै मनमैँजु मन्दिर, लुमडी, पचली भैरव आदिको मन्दिर बनाएको भन्ने किम्वदन्ती पाइन्छ। गुणकामदेवले कान्तिपुरको इन्द्रजात्रासँगै मनमैँजुदेवीको जात्रा पनि प्रत्येक वर्ष चैत्र पूर्णिमाको अवसरमा पाँचदिनसम्म चलाउने परम्पराको थालनी गरेको उल्लेख छ। ऐतिहासिक किंवदन्ती अनुसार राजा गुण कामदेव नागार्जुन जङ्गलमा शिकार खेल्दै गर्दा एकपटक त्यहाँ बास बस्न बाध्य भएछन्। राती सपनामा मनमैँजु देवी अजिमा इन्द्रायणीको दर्शन पाएछन्। देवीले चैत्र शुक्ल पूर्णिमाका दिन पूजाअर्चना गरी आफ्नो जात्रा चलाएमा मनोकाङ्क्षा पूरा हुन्छ भनी अन्तर्ध्यान भइछन्। भोलिपल्ट राजाले चारैतिर हेर्दा पानीको दह भएको काँडाहरुको भ्याङबीच एउटा सुन्दर मन्दिर र स-साना बस्तीहरु देखेछन्। पछि राजा गुणकामदेवले उक्त मन्दिरसम्म पुग्ने बाटो निर्माण गरी स्थानीय बासिन्दालाई जागृत गराई इन्द्रायणीको नित्य पूजाअर्चना सहित चारदिनसम्म जात्रा चलाएछन् त्यसपछि पाचौँ दिनमा इन्द्रायणी देवीको चिनो स्वरुप

छोडिएको हीरामोति जडित भोटो देखाउँदा गुणकामदेव र स्थानीयबासीको मनोकाङ्क्षा पूरा भएछ। बडादसैंको नवरात्रीमा नवरथ मेलाको अवसरमा छैठौं दिन मनोरथ तीर्थमा स्नान गरी मनमैंजुको पूजा अर्चना गर्ने चलन छ।

बौद्ध वज्रयान परम्परा अनुसार यस तीर्थलाई महत्वपूर्ण तीर्थका रुपमा लिइने गरिन्छ। बौद्ध वज्रयान परम्पराका १२ तीर्थमध्ये यो तीर्थ पनि एक प्रमुख तीर्थ हो। मनमैंजु अजिमालाई अजिमा तथा इन्द्रायणीका रुपमा पुज्ने गरिन्छ। मनमैंजु मन्दिरमा बज्राचार्य पूजारी रहने चलन छ। मनमैंजुलाई मनसा पनि भनिन्छ। मनसा मनको इच्छा पूरा गर्ने देवी हुन्। उनी शिवपुत्री हुन्। उनलाई नागमाता पनि भनिन्छ। महाभारत कालपछि यसको नाम मनसाबाट अपभ्रंश भएर मनमैंजु रहन गएको हो। मनसाको रुप अघोर भएका कारण बली दिने चलन चलेको हो। नाग, स्कन्द, अग्नि, ब्रह्म, विष्णु तथा शिव पुराणमा समेत मनसाको चर्चा पाइन्छ।

मनमैंजुको भोटो

नेपालको सांस्कृतिक विविधताको चर्चा गर्ने क्रममा मनमैंजुको भोटो देखाउने परम्परालाई चर्चामा नआएको फरक प्रसङ्गका रूपमा लिन सकिन्छ। काठमाडौं नगरको उत्तर भेगमा रहेको मनमैंजु तीर्थका बारेमा प्रायःलाई थाहा होला तर मनमैंजुको भोटो भन्दा हामीलाई मच्छिन्द्रनाथको भोटोको झट्ट सम्झना आउँछ। वास्तवमा मनमैंजुको पनि भोटो देखाइन्छ भन्दा कतिलाई विश्वास नलाग्ला तर यो यथार्थ नै हो।

प्रत्येक वर्ष चैत्र शुक्ल चतर्दशीका दिनदेखि पाँचदिनसम्म परम्परागत रूपमा मनमैंजुको जात्रा मनाइन्छ। चैत्र शुक्ल चतर्दशीका दिन तारकेश्वर महादेवको जङ्गलबाट विधिपूर्वक पूजा गरी काटेर ल्याइएको सल्लाको रुखको लिंगोलाई मन्दिर अगाडि ठड्याइन्छ। पाँचदिनसम्म विविध तरिकाले मनमैंजुको पूजा गरिन्छ। रथ विभिन्न टोलमा पुऱ्याइन्छ। भोग दिइन्छ। सिन्दूर यात्रा गरिन्छ। यसरी पाँचदिनको जात्रा समाप्त हुन्छ। रथ यात्रा सुरुहुनु अगाडि ठड्याइएको लिंगो ढालेपछि खटयात्राका क्रममा खटमा राखिएका देवतालाई धोइपखाली गरिन्छ। त्यसपछि ती देवतालाई विशेष पूजा गरी यथास्थानमा विराजमान गराइन्छ। खिँ दावा बजाएर भजन कीर्तन गरिन्छ। विधिवत्रूपमा देवतालाई यथास्थानमा विराजमान गराइसकेपछि भोटो देखाउने अनौठो र रोचक परम्परा अगाडि बढ्छ। उक्त भोटो मूलधामी र गुठीका थकालीले त्यहाँ उपस्थित भक्तजनलाई देखाउने चलन रहेको छ। यस प्रकारको परम्परा देवी घरभित्रमात्र सीमित हुन्छ। अन्य सर्वसाधारणका लागि भोटो देखाइँदैन। मनमैंजुको भोटो देखाउने परम्परा र मनमैंजु जात्राका सम्बन्धमा एउटा ऐतिहासिक किंवदन्ती पनि पाइन्छ।

राजा गुणकामदेव नागार्जुन जङ्गलमा शिकार खेल्दै जाँदा एकपटक जङ्गलमा बास बस्न पुगेछन् । उनले राति सपनामा मनमैँजु देवी अर्थात् अजिमा इन्द्रायणीको दर्शन पाएछन् । देवीले चैत्र शुक्ल पूर्णिमाको दिन पूजा अर्चना गरी जात्रा चलाएमा मनोकाङ्क्षा पूरा हुनेछ भनी अन्तर्ध्यान भइछन् । भोलिपल्ट बिहान राजा बिउँझिएर अग्लो स्थानबाट चारैतिर हेर्दा पानीको दह भएको काँडाहरूको झ्याँङको बीचमा बस्ती र एउटा सुन्दर मन्दिर देखेछन् । त्यसपछि राजाले उक्त मन्दिरसम्म पुग्ने बाटो निर्माण गरी स्थानीयलाई जाग्रित गराइ चारदिनसम्म जात्रा मनाउन लगाएछन् । पाँचौँ दिनमा इन्द्रायणी देवीले चिनो स्वरूप छोडी दिएको हीरामोती जडित भोटो देखाउँदा गुणकामदेव र स्थानीयको मनाकाङ्क्षा पूरा भएछ, त्यसै समयदेखि मनमैँजुमा मनमैँजुको जात्रा प्रचलनमा आएको हो । त्यसपछि जात्राका अवसरमा अहिले पनि भोटो देखाउने परम्परा छ । यद्यपि प्रचलनमा रहेको भोटो देखाउने परम्पराको प्रमुख आकर्षण मानिने भोटो त्रिकोणाकारको छ । किंवदन्ती अनुरुप उक्त भोटोलाई राजा इन्द्रले मनमैँजुलाई दिएको कपडा हो भन्ने गरिन्छ ।

पुरानो गुह्येश्वरी मन्दिर

हालको तारकेश्वर नगरपालिका वडा नं. ४ स्थित पुरानो गुह्येश्वरीलाई प्रमुख शक्तिपीठका रुपमा लिइन्छ । पुरानो गुह्येश्वरीको दर्शन गर्नाले राजभय, चोरभय, ग्रहभय र रोगभय लगायतका सबै किसिमका भय नाश हुन्छन् । यसै कारण पुरानो गुह्येश्वरीलाई सबैले श्रद्धा, विश्वास र भक्तिका साथ पुज्ने गरिएको पाइन्छ । प्रागऐतिहासिक कालमा चीनबाट नेपाल आउनु भएका गुरु वागीश्वर मञ्जुश्रीलाई नैरात्मादेवी गुह्येश्वरीले विश्वरूपको दर्शन दिई खड्गसहित शक्ति प्रदान गरेपछि उनलाईचोभारको डाँडो काटी उपत्यकाको पानी बाहिर पठाउन सफलता मिलेको तथ्य स्वयम्भू पुराणमा उल्लेख भएको पाइन्छ । उक्त पुराणअनुसार मञ्जुश्रीले नै गुह्येश्वरीको कुण्डको जलले अभिषेक गरेपछि कुण्डलाई सर्वप्रथम व्यवस्थित रूपमा निर्माण गर्ने काम गरेका हुन् । गुह्येश्वरी भन्नाले गुह्यरूपमाा संसारको अस्तित्व सञ्चालन गर्ने आदि अन्त्यरहित परम् शक्तिकी अधिष्ठात्री शक्तिलाई बुझिन्छ । गुह्याति गुह्य गोत्री त्वां भनेर सारा संसारमा गोप्यरूपले रहेर संसारको अस्तित्व सञ्चालन गर्न सक्ने महेश्वरी भनेर वन्दना गरिँदै आाएको छ । माता गुह्येश्वरीलाई कसैले स्थापित गरेको नभई आफैँ उत्पत्ति भएको शक्तिपीठका रूपमा लिइन्छ । स्वस्थानी महात्म्यमा वर्णन भए अनुसार पाइन्छ । सत्ययुगमा सतीदेवीको गुह्यपतन भएको स्थानमा उत्पन्न भएकीले उनलाई गुह्येश्वरी शक्तिपीठ भनिएको हो । त्यस्तै, अर्को कथन अनुसार कालकूट विष सेवनपश्चात महादेव डाहा शान्त गर्न उत्तरापन्थतिर लाग्दा यहाँ बस्नु भएको थियो । त्यसैक्रममा माता पार्वती महादेवको

खोजीमा यहाँ आउँदा रजस्वला हुनुभएपछि त्यहीं अलप भएर गुह्येश्वरीका रूपमा उत्पन्न भएकी हुन् भनिन्छ ।

त्यस्तै कुनै समयमा एकजना आचार्य कालीको दर्शन गर्न गएका र अबउप्रान्त तिमी दर्शन गर्न आइरहन पर्दैन भनेर एउटा थाली दिएको र बीच बाटोमा आउँदा थाली खसेको र त्यसै ठाउँमा नै माता गुह्येश्वरीको उत्पत्ति भएको हो भन्ने कथन प्रचलित छ । बहुधा श्रुयतां ममः अर्थात् मेरा बारेमा धेरै कुरा सुनिने गरेको छ भन्ने माताले ने उद्घोष गरेबाट माता गुह्येश्वरीको उत्पत्तिका बारेमा विविध मत मतान्तर पाइन्छन् भन्नु एकअर्थमा युक्तिसङ्गत नै देखिन्छ । पुरानो गुह्येश्वरीको कुरा गर्दा काठमाडौं पशुपतिनेरको गुह्येश्वरीलाई पनि भुल्न सकिन्न । यी दुवै गुह्येश्वरीको उत्पत्ति कहिले भएको हो भन्ने तथ्य यकीन नभएकोले कुन प्राचीन शक्तिपीठ हो त भन्ने तथ्य आफैँमा विवादास्पद छ । तर स्वयम्भू पुराणका विपश्वी तथागतले काठमाडौं उपत्यका जलामय भएको बेला रोपेको कमलको फूल फुलेको स्थानमा स्वयम्भू ज्योतिर्लिङ्ग उत्पत्ति भएको र त्यस फूलको जरा गुह्येश्वरीको पीठसम्म पुगेको भन्ने कुराको उल्लेख पाइन्छ । यसले प्रागऐतिहासिक कालदेखि नै गुह्येश्वरीको अस्तित्व रहेको पाइन्छ । यसै कारण यहाँको गुह्येश्वरी मातालाई पुरानो गुह्येश्वरीका रूपमा पुजिन थालिएको हो र यहाँकी माता गुह्येश्वरी नै पशुपतिनजिककी गुह्येश्वरीभन्दा प्राचीन मानिएकी हुन् । गुह्येश्वरी मन्दिर नजिकै रहेको शान्तिगुफा भित्र दुईवटा बाटो रहेका र एउटा बाटोबाट मानिस स्वयम्भू शान्तिपुरसम्म पुग्नेहुँदा पहिलेपहिले मानिसहरू त्यस गुफाबाट स्वयम्भू र नागार्जुन आवतजावत गर्दथे भन्ने किंवदन्ती पनि पाइन्छ ।

प्रचलित विश्वासअनुसार सत्ययुगमा विपश्वी बुद्धले रोपेको अलौकिक कमल बीजको मूल गुह्येश्वरीमा थियो र कमलासन स्वयम्भूको दर्शन वर्तमान स्वयम्भूमा भएको थियो । अद्यावधि गुह्येश्वरीमा कुनै मूर्ति नभएर केवल जलपूरित सानो छिद्रमात्र भएकोले यस कथनको पुष्टि भएको कुरा मानिन्छ भनी बालचन्द्र शर्माले नेपालको ऐतिहासिक रूपरेखा नामक पुस्तकमा उल्लेख गरेका छन् ।

यस किंवदन्ती र स्वयम्भूपुराणबीच सामीप्यता पाइएकोले पुरानो गुह्येश्वरीलाई नै पशुपति गुह्येश्वरीभन्दा प्राचीन शक्तिपीठ मान्न सकिन्छ । पशुपति गुह्येश्वरीको स्थापना राजा प्रताप मल्लले नेपाल सम्वत् ७००तिर गराएको भन्ने तथ्य इतिहासमा पाइन्छ । पुरानो गुह्येश्वरीको पीठको कुण्ड करिब सातफिट गहिराइको रहेको छ । तर पानीले भरिएको कुण्डको मुखमा चाँदीको कलश राखिएको हुन्छ । यस कुण्डमा कलश राख्ने काम सर्वप्रथम वि.सं.९९९मा भएको हो । चाँदीको पूर्णकलशका रूपमा सर्वसाधारणले दर्शन पूजन गरिने देवस्थलको मुन्तिर अर्को गोप्य असली तान्त्रिक देवता रहेको बताइन्छ । गुह्येश्वरी मन्दिर परिसरमा वि.सं. १८६० मा धर्मशाला बनाइएको कुरो मन्दिरपरिसरमा रहेको शिलालेखबाट प्रष्ट हुन्छ । तर मन्दिरमा चार ढोका राखेर हालको स्वरूपमा तयार पार्ने काम भने श्री ५ को निजी ढुकुटीको खर्चमा वि.सं.२०३३ मा गुठीसंस्थानले गरेको हो । जुन कुरा त्यहाँस्थित शिलालेखबाट थाहा हुन्छ । मन्दिरको भित्तामा २०४४ मा जनसहभागितामा मार्वल राख्ने काम भएको थियो ।

नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापाको पालामा त्यहीँ गाउँका एकजना मुख्य व्यक्तिलाई नित्यपूजाको जिम्मा दिएर केही पारिश्रमिकको व्यवस्था गरिएको थियो । तर यसले निरन्तरता पाउन सकेन । त्यसपछि नित्यपूजाका लागि श्री ५ महेन्द्र सरकारमा बिन्ति चढाउने काम भएको थियो । गुह्येश्वरी मन्दिर परिसरमा पहिले गोसाइँकुण्ड, भैरवकुण्ड र सरस्वती गरी तीनवटा कुण्ड थिए । अतिक्रमणका कारण सरस्वती कुण्डको अस्तित्व नै लोप भएको छ भने भैरव कुण्डको केही अवशेष र अर्कोमा भने हालको पुरानो गुह्येश्वरी माध्यमिक विद्यालयको भवन बनिसकेको छ । प्रत्येक वर्ष बालाजु बाइसधारा पूर्णिमाको दिन पुरानो गुह्येश्वरीको विशेष पूजा र जात्रा हुने परम्परा छ । वि.सं. २०५३ मा सूर्यप्रसाद श्रेष्ठको अध्यक्षतामा पुरानो गुह्येश्वरी सुधार समिति गठन भई पाटीपौवा, चौतारो पुनर्निर्माण गर्ने काम भएको हो । त्यसपछि समयसमयमा यहाँ निर्माणकार्य मर्मतसम्भारका काम पनि हुँदै आइरहेको छ ।

ओझेलमा मल्लकालीन फूलपाती परम्परा

हिन्दूहरुको महानपर्व विजया दशमीमा फूलपाती भित्र्याउने परम्परा चलिआएको । यस पर्वमा अनेकौँ विशेषताहरु पाइन्छन् ।फूलपाती परम्पराको आफ्नै महत्व रहेको छ । जब वि.सं. १८२५ मा इन्द्रजात्राका दिन पृथ्वीनारायण शाहले कान्तिपुर विजय प्राप्त गरे, त्यसबेलादेखि नै फूलपाती, फागुपर्व आदिमा उनले आफ्नो प्रभुत्व दर्साउन प्रयास गरेका थिए । जसको एउटा उदाहरण गोलढुंगाको फूलपाती परम्परा पनि हो ।

सोहीअनरूप त्यसैसालदेखि नै गोरखाबाट धादिङको जीवनपुर हुँदै ल्याइने फूलपाती हनुमानढोका दशैँघरमा फूलपातीका दिन भित्र्याउन थालियो । तर पृथ्वीनारायण शाहले कान्तिपुर विजय गर्नुपूर्व हनुमानढोका दशैँघरमा पुरानो गुह्येश्वरीबाट फूलपाती भित्र्याइन्थ्यो । त्यो परम्परा केही वर्ष अगाडिदेखि निरन्तररुपमा चल्दै आएको छ ।

पृथ्वीनारायणको कान्तिपुर विजयपश्चात् पुरानो गुह्येश्वरीबाट हनुमानढोका दशैँघरमा भित्र्याइने फूलपाती परम्परा हिजोआज आझेलेमा पर्न पुगेको देखिन्छ ।

पृथ्वीनारायणको कान्तिपुर विजयपश्चात् पुरानो गुह्येश्वरीबाट हनुमानढोका दशैँघरमा भित्र्याइने फूलपाती परम्परा हिजोआज आझेलेमा पर्न पुगेको देखिन्छ । जसलाई नेपाली सेनाको बर्दबहादुर गणले प्रत्येक वर्ष फूलपातीका दिन विधिबत्रुपमा फूलपाती भित्र्याउने गरेको छ ।

जयन्तीपुर अर्थात् फुटुङ

काठमाडौँको ऐतिहासिक बस्ती धर्मस्थली र टोखाको बीचमा रहेको अर्को एउटा महत्वपूर्ण प्राचीन सुन्दर बस्ती हो फुटुङ। धर्मस्थली र फुटुङलाई महादेव खोलाले छुट्याएको छ यस ठाउँको नामाकरण सम्बन्धमा एउटा सांस्कृतिक मान्यता प्रचलित छ। परापूर्व कालमा धर्मस्थलीमा पाहाँचह्रे जात्राको अघिल्लो दिन गाडिएको लिङ्ग उखेलिएर पूर्वतिर उँडेछ। त्यही क्रममा झल्लर फुटुङमा खसेछ भने लिङ्गो टोखामा अडिएछ। सो लिङ्गो यस स्थानमा आइपुगेपछि देखिन छाडेछ। त्यसपछि लिङ्गोको पछिपछि आएका धर्मस्थलीबासीले फुट फुट भन्न थालेछन् र त्यही फुट फुटबाट नै फुटुङ नाम रहन गएको हो भन्ने मान्यता छ। धर्मस्थली बासी लिङ्गो खोज्न फुटुङ आइपुग्दा खसिरहेको झल्लर देखेर लान खोजे। फुटुङबासीले भने आफ्नो ठाउँमा आएकोलाई नफर्काउने भनी उनीहरुलाई त्यसै फर्काइदिएछन्। त्यसपछि प्रत्येक वर्ष फुटुङमा चैत्र मसान्तदेखि वैशाख ४ गतेसम्म पाहाँचह्रे जात्रा चल्छ। यस अवसरमा चैत्र मसान्तका दिनदेखि उक्त झल्लरलाई फुटुङमा गाडिने लिङ्गोमा झुण्डाएर राख्ने चलन छ। त्यस्तै, फुटुङको नामकरण सम्बन्धमा एउटा अर्को ऐतिहासिक कथन पनि छ। मल्लकालमा नेवाः राज्यलाई तिब्बत भोटमा गाभ्नका लागि तिब्बती भोटे सेनाहरु आई नेवाः राज्यमा आक्रमण गरेछन्। यस क्रममा नेवाः राज्यका सैनिक र भोटे सेनाहरुबीच युद्ध भएछ। नेवाः राज्यका सेनाहरुले वीरतापूर्वक लडी यसै स्थानमा पुग्दा सबै भोटे सेनाहरु समाप्त भएकोले नेवारहरु फुट फुट भनेर खुसी भएछन्। कालान्तरमा त्यही फुट भन्ने नेवारी शब्दबाट नै फुटुङ नाम रहन गएको हो भन्ने भनाइ पनि छ। फुट भन्नाले नेवारी भाषामा सकिनुलाई बुझिन्छ। त्यस बेलादेखि लडाइँ सकिएको अर्थमा फुट भन्न थालियो र कालान्तरमा फुटबाट नै फुटुङ बन्न पुगेको हो भन्न सकिन्छ।

स्वस्थानी व्रत कथामा उल्लेख भए अनुसार सतिदेवीको कलेजो यस स्थानमा पतन भएकाले यहाँ कल्पेश्वर महादेवको उत्पत्ति भएको र यहाँ नारायणी जयन्तीदेवीको शक्तिपीठ उत्पत्ति भई कल्पेश्वर महादेवको आराधाना गरेको प्रसङ्ग पाइन्छ। त्यसैले फुटुङलाई जयन्तीपुर पनि भनिन्छ। धनवज्र वज्राचार्यको लिच्छविकालीन अभिलेख पुस्तकमा उल्लेख भएअनुसार बालाज्यूबाट एक कोश जति उत्तरपट्टि फुटुङ गाउँ रहेको छ। यहाँ एउटा सनद शिलापत्र भारी बिसाउन अनुकूल हुने गरी पल्टाएर राखिएको छ। यसरी असुरक्षित अवस्थामा रहेको हुनाले यस अभिलेखको प्रायः सम्पूर्ण भाग खिइसकेको छ। तै पनि तल्लो भागमा 'धर्म गुरुभि' पद देखिन्छ। माथिल्लो भागमा पनि फाटफुट एक दुई अक्षर देखिन्छन्। यो अभिलेख अंशुबर्माको हो। अभिलेख अस्पष्ट भइसकेको छ तापनि लिच्चविकालको बस्तीबारे विचार गर्न यसबाट पनि केही मद्दत पाइन्छ।

राणा प्रधानमन्त्री भीमशमसेरले वि.सं. १९८८ मा अल्ले र बौँडेश्वरको स्वच्छ पानी दरबार पुऱ्याउन र दरबारको घोडालाई घाँस ओसार्न ऐतिहासिक मार्ग निर्माण गराएका थिए। त्यस ऐतिहासिक बाटोसँग जोडिएको फुटुङको आफ्नै धार्मिक, सांस्कृतिक, ऐतिहासिक महङ्घव रहेको छ। फुटुङमा इन्द्रायणी, गणेश लगायतका मन्दिर, मूर्ति रहेका छन् भने ऐतिहासिक नागपोखरी पनि रहेको छ। फुटुङमा मनाइने प्रमुख जात्रामध्ये नारायणी जयादेवीको जात्रालाई प्रमुख मानिन्छ। यो जात्रा चैत्र मसान्तको मध्यरातबाट सुरु भएर वैशाख ४ गते सकिन्छ। नारायणी जयादेवीको रथमा देवी देवताका मूर्ति राखेर गाउँ परिक्रमा गराइन्छ। यो जात्राको आयोजना गुठीले गर्दछ। चैत्र मसान्तमा फुटुङ चौरमा धर्मस्थलीबाट उडेर आएको पताका सहितको लिङ्गो गाडिन्छ। वैशाख २ गते रथलाई फुटुङ नागपोखरीमा तीन तीन पटक स्नान गराइन्छ र डुबाइन्छ। यो जात्रा ज्यादै उत्साहपूर्ण हुन्छ। वैशाख ३ गते रथलाई विश्राम दिइन्छ। ४ गते रथलाई गाउँ परिक्रमा गराई जात्रा विसर्जन हुन्छ। त्यसपछि चौरमा गाडिएको लिङ्गो ढालिन्छ। लिङ्गो ढालिएपछि विधिवत् रुपमा नारायणी जयादेवीको जात्रा समाप्त हुन्छ।

लिच्छविनगर धर्मस्थली र महाँकाल मन्दिर

काठमाडौँ शहरको उत्तरमा एउटा मनोरम प्राचीन लिच्छविकालीन नगर छ जसलाई धर्मस्थली भनिन्छ। धर्मस्थलीले आजसम्म पनि नगरको ऐतिहासिक, पौराणिक, सांस्कृतिक विविधतालाई जोगाइराखेको छ। यसको ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका सम्बन्धमा कमैलाई मात्र थाहा छ भन्दा अत्युक्ति नहोला। धर्मस्थली अर्थात् धर्म गर्नेहरुको स्थल भनेर सोझो अर्थमा अर्थ्याउँदा सम्वत् ५१७ को शिवदेव तथा अंशुवर्माको शिलालेखलाई सन्दर्भको रुपमा लिनुपर्ने देखिन्छ। हुन त मौखिक आधार तथा जनश्रुति पनि होलान् तर त्यो भन्दा प्रमाणित आधार भने धर्मस्थलीमा प्राप्त शिवदेव, अंशुवर्माको शिलालेख नै हो।

शिलालेखका अनुसार 'धर्मस्थलीका बासिन्दाहरुलाई लेख्यदान र पञ्चपराधसम्बन्धी कामको अधिकार सुम्पी गरिदिएको सनदपत्रबाट यस भेगका बासिन्दाहरुलाई अधिकार कानुनव्यवस्था सम्बन्धी स्वायत्तता प्रदान गरेको प्रष्टिन्छ।' जसले धर्मस्थलीको प्रचीनता र ऐतिहासिकतालाई पुष्टि गर्दछ। नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित लिच्छविकालीन नेपालको अभिलेख भन्ने धनवज्र बज्राचार्यको पुस्तकमा धर्मस्थली नगरको लिच्छविकालीन अवस्था, स्वायत्त, राज्य सञ्चालनको तौरतरिकाको विवरण प्रस्तुत छ। पुस्तकमा उल्लेख भएअनुसार काठमाडौँ उपत्यकाको उत्तरी भागमा टोखाको हाराहारीमा धर्मस्थली भन्ने बस्ती छ। त्यहाँ बस्तीबाहिर उत्तरतिर सानो देवस्थल छ, त्यहाँ नै यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ। अभिलेख कुँदिएको

भाग पच्चीस अङ्गुल लम्बा र एक्काइस अङ्गुल चौडा छ। यसको शिरोभागको बीचमा चक्र र दुईतिर शङ्ख अङ्कित छन्। यहाँ सम्वत् ५१७ लेखिएको छ। उक्त प्रमाणले यस स्थलको ऐतिहासिक महत्व रहेको प्रमाणित हुन्छ।

धर्मस्थली प्रारम्भमा धर्मदेव राजा वा व्यक्तिद्वारा शासित क्षेत्र हो भन्ने किंवदन्ती यदाकदा कसैको मुखबाट सुन्न पाइएता पनि सो सम्बन्धमा कुनै ऐतिहासिक ठोस प्रमाण पाइन्न। तर उनै राजाको दरवारको रुपमा यहाँ भँगेरी दरवार रहेको हो कि भन्ने पनि अड्कल पाइन्छ। तर त्यो दरवारको रहस्य धर्मस्थलीको गर्भमा नै रहेको छ। वि.सं. २०१५ सालमा तत्कालीन राजा महेन्द्र पश्चिमाञ्चलको भ्रमणमा जाँदा यहींबाट जितपुरफेदी हुँदै गएको कारणबाट यो स्थल चर्चित बनेको स्थानीय बताँउछन्। काठमाण्डौ त्रिशुलीमार्गको निर्माण नहुन्जेलसम्म यस धर्मस्थली बजारको चहलपहल एउटा महत्वपूर्ण व्यापारिक केन्द्र झैँ थियो।

त्यस्तै, इतिहासको कालखण्ड बनेको बालाजू धर्मस्थली हुँदै गुर्जे भञ्ज्याङ पुग्ने बाटोले गर्दा यो क्षेत्रको जति चहलपहल बढेको थियो, त्यो सम्पूर्ण काठमाडौं त्रिशुली सडक निर्माणपछि लुटिएको हो। धर्मस्थलीको सांस्कृतिक महत्वलाई खोतल्दा यहाँ रहेका संस्कृति, परम्परा, चाडपर्व, मठमन्दिर आदिका बारेमा चर्चा गर्नुपर्दछ। यहाँ महाँकाल, प्रिकुन(पिङ्गला), चुनदेवी, कुमार, गणेश,महादेव, बंगलामुखी, नारायणी, कृष्ण, भगवती, सरस्वती, आकाश भैरव, बुद्ध, विश्वकर्मा आदिका मठमन्दिर रहेका छन् भने कैयन् मठमन्दिर, मूर्तिहरु लोप हुने अवस्थामा पुगिसकेका छन्। विभिन्न विशेषता झल्काउने धर्मस्थलीको चर्चा वा प्रसङ्ग नेपाल भाषाका अनेकौं साहित्यमा पनि पाइन्छ। धर्मस्थली वा धमाथु चैत्यलाई स्वयम्भू महाचैत्यकी आमा पनि भनिन्छ। नेपाल संवत्को नवौं महिना गुँलापर्वको अन्तिम दिन विशेष पूजा र धमाथु चैत्य जात्रा प्रत्येक वर्ष विजयादशमीको कोजाग्रत पूर्णिमाका दिन हुने गर्दछ। स्वयम्भू महाचैत्यभन्दा पहिले नै धर्मस्थलीमा बुद्धचैत्य बनिसकेको हुँदा धमाथु चैत्यलाई

स्वयम्भूकी आमा भनिएको हो । राजा नृपेन्द्र मल्लको राज्यकालमा ने.स. ७९८/८०० मा यहाँस्थित भगवान ख्योमा चैत्य निर्माण भएको हो । धर्मदेव राजाले विशाल फाँटबाट बग्ने रुद्रमती र शेषमती नदीको दोभानमा धर्मेश्वर महादेवको स्थापना गरेको र पछि उक्त महादेव मन्दिर धर्मस्थली बजारको बीचमा लगेर राखिएको हुनाले महादेवकै नामबाट धर्मस्थली नामकरण भएको हुनसक्छ । धर्मराजले यस स्थलमा आई तपस्या गरेकोले पनि यस ठाँउको नाम धर्मस्थली रहन गएको किंवदन्ती पाइन्छ । त्यस्तै, भारतका राजा अशोक बुद्ध धर्म दर्शनको सिलसिलामा धर्मस्थलीको स्तूप(ख्योमा) अगाडि पाली भाषामा धम्म धर्म शब्द थपी धर्मस्थली नाम दिएबाट धर्मस्थलीको नाम रहन गएको पाइन्छ ।

चिनियाँ यात्री हुँ यान साङ्गले आफ्नो यात्रा वृत्तान्तमा समेत धर्मस्थलीका तीनवटा पीपलको बोट रोपेको र यस ठाँउको उल्लेख गरिएको पाइन्छ । धर्मस्थलीको महत्व र व्यापकता बारेमा अझै अनुसन्धान भएको पाइन्न । व्यापार तथा धार्मिक सिलसिलामा चीन तिब्बत यात्रा गर्ने यात्रुलाई यस स्थानमा बास दिने कार्यले गर्दा पनि यस ठाउँको नाम धरमथली रहन गएको हुनसक्छ ।

धर्मस्थलीलाई नेपाल तिब्बत भोटको व्यापारिक मार्गका रुपमा लिइन्छ । भृकुटीको विवाहपछि उनको बिदाइ यही मार्ग हुँदै गरिएको र जगत्गुरु शङ्काराचार्य पनि तिब्बत यात्राका लागि यही धर्मस्थलीकै बाटोबाट लाग्नु भएकोले यस ठाउँको महत्व विशिष्ट रहेको पाइन्छ । त्यस्तै श्री ५ महाराजाधिराज प्रतापसिंह शाहको वि.सं. १८३२ साल माघ सुदी ५ रोज ५को लालमोहरमा समेत धर्मस्थलीको नाम उल्लेख भएको छ । काठमाडौंकी देवी शोभाभगवती आफ्नो माइत नुवाकोट जाने र फर्कने मार्ग धर्मस्थली नै हो । अहिले पनि उनको रथ शोभाभगवतीबाट त्रिशुली लैजाँदा एक दिन धर्मस्थलीमा बास बसाउने चलन छ । नेवारी समुदायको उत्कृष्ट तीर्थस्थल शिलू वा गोसाइँकुण्ड पनि एक हो । शिलूसँग सम्बधित संस्कार वा शिलूम्येमा पनि धर्मस्थलीको वर्णन पाइन्छ । शिलूम्येमा धर्मस्थलीको प्रसङ्ग आउनुले यस स्थलको प्राचीनतालाई थप पुष्टि गर्दछ ।

छेना दना बना धमाथुली बास
धमाथुली दना वना न्यागमणी बास ।

धर्मस्थलीका जात्रा, पर्वहरुले आफ्नै महङ्गव वा विशेषता प्रकट गर्दछन् । कतिपुन्हि, पाहाँचह्रे आदि विशिष्ट पर्वमा हुने खटजात्राको जीवन्त प्रस्तुति उपत्यकामा सर्वत्र परिचित छ । ऐतिहासिक र सांस्कृतिक दृष्टिले यो स्थलको गरिमामय र विशिष्ट स्थान छ ।

धर्मस्थलीस्थित प्रिकुणको आफ्नै महत्व छ । सबैले प्रिकुन भने पनि बाह्मी स्थितिका अनुसार प्रिकुणः हुन्छ । प्रिकुणको अर्थ तिनकोण भन्ने हुन्छ । शास्त्रीय मान्यतानुसार प्रिकुण भएको ठाउँमा पिङ्गलाको मन्दिर हुन्छ । त्यहाँ नदी उत्तरवाहिनी साथै प्रिकुण पूर्वउत्तरबाट दक्षिणपश्चिममा फर्किएको हुनु पर्दछ । आत्मशान्ति, मनशान्ति तथा ध्येयशान्तिका लागि पिङ्गलाको स्थानमा मृत्युपश्चात् दाहसंस्कार गर्ने गरिन्छ । त्यसैले प्रिकुणलाई ज्यादै महत्वपूर्ण मानिएको हो ।

कविन्द्र प्रताप मल्लको हनुमानढोकामा रहेको प्रस्थर अभिलेखमा सारबाट प्रायः गरेर (ब्राह्मी शब्द, ६४ व्यञ्जन वर्णको सार भन्ने बुझिन्छ ।) लेखिने लिपि वा लेखोटलाई आधिकारिक प्रमाण मानिन्छ । तन्त्रोक्त, मन्त्रोक्त, यन्त्रोक्त विषयलाई प्रामाणिक रुममा ध्यान, योग, प्रार्थना गर्दा प्रतक्ष्यतः दर्शन पाउन सकिने कुराको ती सारमा उल्लेख छ । त्यसको प्रमाणस्वरुप महाकालमाथि हुनु, माता पिङ्गलाको मन्दिर शेषमतीमा रहनुले पनि यसको मन्त्रोक्त महत्व छ भन्ने कुरा झल्कन्छ ।

धर्मस्थलीका महाङ्काल

सांस्कृतिक विविधताले भरिएको लिच्छविकालीन नगर धर्मस्थलीमा रहेका महत्वपूर्ण मन्दिरमध्ये महाकाल मन्दिर पनि एक हो । प्राचीन धर्मस्थली नगरको पश्चिमपट्टि शेषमती नदीको दायाँपट्टि अवस्थित महाकाल मन्दिरको राजा रत्न मल्लले नेपाल संवत् ६२९/३० तिर विक्रम सम्वत् १५६६ मा निर्माण गरेको देखिन्छ । उनले कुंकुं नाम गरेका भोटे देवानहरुको रखवारीका निमित्त तीनसय घरको सहर बसाएको पनि पाइन्छ । उनीद्वारा स्थापित यस सहरको मुख्य देवता ॐ श्री महाकाल हुन् । राजा रत्न मल्लले भैरवको मूर्तिलाई प्राण प्रतिष्ठान गरी यस डाँडाको टुप्पोमा स्थापना गरेको कुरा देवमाला वंशावलीमा उल्लेख छ । धर्मस्थलीका जनताको रक्षार्थ महाकाल भैरवको स्थापना भएको बुझिन्छ । यस महाकाल भैरवको महत्वलाई प्रगाढ बनाउने काम भगेरी राज तथा गंगामहारानीले महाकाल भैरवको रथयात्रा गर्ने परम्पराको थालनी गरेबाट झन प्रस्ट हुन्छ ।

नेवारी संस्कृति अनुसार प्राचीन परम्परायुक्त धर्मस्थली देश बसाउँदा देशको चारैतिर स्थापित अष्टमातृका पीठमध्ये महाकाल पनि एउटा विकसित धार्मिक स्थल हो । यो धर्मस्थली मूलबजारबाट दक्षिण दिशामा रहेको छ । महाकाल मन्दिरको निर्माण नेपाल सम्वत् ६५९ मा राजा प्रताप मल्लले गराएका थिए । जुन मन्दिर पैगोडा शैलीमा निर्माण भएको छ । मन्दिर परिसरमा गणेश, सूर्य, नारायण, सरस्वती, शिवलिङ्ग आदिका स–साना मूर्तिहरु पनि रहेका छन् । महाकाल शिवजीको विकराल रुप हो भने महाकाली दुर्गाको भयङ्कर रुप हो । यस ठाउँलाई महाकाल वा महाङ्काली माई मन्दिर पनि भन्ने गरिन्छ । यस ठाउँमा रहेका महाकालको बारेमा थुप्रै ग्रन्थमा चर्चा भएको पाइन्छ । त्यसो त जहाँ महाकाल हुन्छन् त्यहाँ महाङ्काली हुन्छिन् । त्यस्तै, त्यहाँ नाग (शेषमती) र गणेश पनि हुन्छन् । त्यसैले यहाँ पुष्प गणेश पनि छन् । पुष्प गणेशलाई हाल पुसल गणेश भनिन्छ । पुष्प गणेश भएकै कारण यस ठाउँको नाम कालान्तरमा पुसल रहन गएको हो । जसको प्रमाण नेपाल एकीकरण अभियानमा पृथ्वीनारायण शाहलाई पुष्प पिनायक गणेश मन्दिर धरमथली गाउँ निवासी कृष्ण भट्टले सहयोग गरेको हुनाले भट्टहरुलाई पृथ्वीनारायण शाहले यस धर्मस्थलीको जग्गा कुश विर्ता दिएको इस्तिहारबाट थप प्रष्ट हुन पुग्दछ ।

त्यस्तै, यहाँ पहरा गणेश पनि छन् जबकि माता पिङ्गला त यहीँ नै छिन् । महाकाल ईशान र वायव्य कोणमा फर्किएका हुन्छन् । देशको राजधानीमा रहेका अन्य महाकालजस्तै यहाँका महाकाल पनि सोही दिशामा अवस्थित छन् । यस सम्बन्धमा ब्रह्मवेत्ताचार्य अर्जुन विरक्ति तोत्रीयका अनुसार सार ब्राह्मीमा यस्तो उल्लेख छ : काष्ठमण्डपः धक्वामची ईयाः पतुनिधी ईशानाः धान्ये इभाणाः मनुष्यणाः कल्याणं भूत्वा इति फट् ।

धर्मस्थली पुसलमा रहेको बस्नेतहरुको शिवालय धारावन क्षेत्रको पनि आफ्नै महत्व र विशेषता रहेको पाइन्छ । करिब ३ रोपनी क्षेत्रमा फैलिएको धारावन रणमर्दन बस्नेतले स्थापना गरेका हुन् । जहाँ शिवालय, कृष्ण र हनुमानका मन्दिर रहेका छन् भने यसको पूर्वतिर महाँकालको ७५ रोपनीमा फैलिएको पाखो वा कैलाश छ ।

साङ्लाको नारायणस्तम्भ र तुलजा

तारकेश्वर नगरमा रहेको साङ्ला ऐतिहासिक महत्वको स्थान हो । यहाँ साङ्ला भीमसेन, तलेजु, चुनदेवी, नारायण स्तम्भलगायतका कैयन् महत्वपूर्ण सम्पदाहरु रहेका छन् । यहाँ रहेका मठमन्दिरमा सबैभन्दा पुरानो मन्दिरका रुपमा तुलजाको मन्दिर रहेको र यो हाल भत्केको पाटीका रुपमा रहेका छ ।

काठमाडौँका विभिन्न स्थानमा तुलजा भवानीको मन्दिर बनाउने क्रममा रत्नमल्लले कान्तिपुरका काजीसँग मिलेर यहाँ तुलजा स्थापना गरेको हो । रणबहादुर शाहकी महारानी कान्तिमती बिफर रोगले मर्नुअगाडि यहाँको तुलजा मन्दिरमा रोग निको होस् भनी था पूजा गरेको इतिहासमा उल्लेख भएको पाइन्छ ।

वि.सं.१३८३ मा हरिहरसिंह देवको मृत्युपश्चात् तिनका सन्तान उपत्यकाको राजधानी, भक्तपुरमा तुलजा भवानीको स्थापना गरेका हुन् । बाबु यक्ष मल्लको मृत्युपश्चात् दाजु रायमल्लसँग बस्न नसकी राजा रत्न मल्लले आफू जीवित रहुन्जेलसम्म तुलजा भवानीको खड्ग, ढाल, कलशलाई कहिल्यै छाडेनन् । रत्न मल्लले कान्तिपुरका कुँवर

काजी खलकसँग मिलेर कान्तिपुरको गद्धि हात पारेपछि तुलजा भवानीको स्थापना गरी कान्तिपुरमा राज गरेका थिए ।

यसपछि काठमाडौँका मल्ल राजाहरुका कुलदेवीका रुपमा तुलजा भवानीको पूजा गर्न थालिएको हो । तुलजा भवानीलाई इष्ट देवीका रुपमा पुजिँदै आएको हो । त्यसैले नेपालका राजाहरुले तुलजा भवानीलाई आफ्नो रक्षक मान्थे । जसका कारण वडादशैँमा नवदुर्गासँगै तुलजालाई पनि पुज्दै आएको पाइन्छ । त्यसैले उपत्यकाका मुख्य कोठामा अहिले पनि मल्लहरु अरुलाई पस्न दिँदैनन् । तलेजुको मुख्य कोठाभित्र आफ्नो इष्ट देवी तलेजु भवानी रहेकाले तलेजुको मुख्यकोठाभित्र दीक्षा लिएका पुरोहितहरुमात्र प्रवेश गर्न पाउँछन् । जोशी, राजोपाध्याय, कर्माचार्यबाहेक अरु त्यहाँ जान पाउँदैनन् । तान्त्रिक विधिका रुपमा पूजाअर्चना हुने भएका कारण त्यहाँ सर्वसाधारणलाई प्रवेश निशेध गरिएको हुनसक्छ तर वर्षमा एकदिन अर्थात् नवरात्रको महानवमीका दिन तलेजु मन्दिरमा सर्वसाधारणलाई तलेजु मन्दिर पूजा अर्चनाका लागि खुल्ने गर्दछ ।

साङ्ला केशावती नदीको तिरमा रहेको छ । बौद्ध धर्म मतअनुसार केशावती नदीमा तपस्वीको केश बगेको थियो र जसमा नामबाट नै नदीको नाम केशावती रहेको हो । कुनैबेला यही नदीको तिरैतिरबाट लामा लामा रौँ भएका घोडाहरु आवतजावत गर्दथे । कुँवर काजी खलकहरुले आफ्नो बस्ती छाप भन्ने ठाउँसम्म घोडाहरु ल्याएर आफ्नो घर आँगनमा राख्थे । छाप भन्ने ठाउँमा घोडाहरु ल्याएर राख्ने चढाउने ठाउँलाई सल क्वाठ भनिन्थ्यो । यही सल क्वाठको अपभ्रंश हुँदै त्यस ठाउँको नाम सलक्वा सल्का हुँदै साङ्ला भएको पनि हुन सक्छ । यो खोलाको पानी ज्यादै सङ्लो भएका कारण यस

ठाउँलाई साङ्ला भनिएको हुन सक्दछ । केशावती नदी संलखुसी र साङ्ले खोलाको छाप भन्ने ठाउँमा रहेको र जसलाई सल क्वाठ भनिन्छ । यही छाप भन्ने ठाउँमा नै कुँवर काजी खलकहरु बसोबास गर्दथे । यहाँ छापस्थित कुँवरको तबेला वा गण रहेको पनि देखिन्छ ।

यही सल क्वाठको उत्तर पश्चिम डाँडामा साङ्ला भन्ने बस्ती रहेको छ । यसै बस्तीको बिचमा तुलजा भवानीको तुलजा क्वाठ रहेको छ । यहाँ राजा त्रिभुवनले विक्रम सम्वत् २००८ साल बैशाख शुक्ल परेवाका दिन स्तम्भ खडा गरेको कुरा यहाँस्थित नारायणको स्तम्भबाट सो कुरा बुझ्न सकिन्छ । जहाँ घोडेजात्रामा लिङ्गो गाड्ने चलन पनि छ । यहाँ लिङ्गो गाडेपछि घोडेजात्राको पन्ध्रदिनपछि जात्रा मनाउने गरिन्छ । साङ्लाको खट जात्रामा बालकुमारी, चुनदेवीको एकैठाउँमा राखेर जात्रा गरिन्छ । साङ्लालाई विविधताको नगरी भन्न पनि सकिन्छ । यस ठाउँको आफ्नै धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व रहेको देखिन्छ । तारकेश्वर मण्डलमा साङ्लालाई विविधताले भरिएको नगर हो भन्न सकिन्छ ।

बज्रयोगिनी

तारकेश्वर नगरपालिका वडा नं ४ लोलङस्थित् प्राचीनवस्तीमा बज्रयोगिनीमाईको मन्दिर रहेका छ । यो मन्दिरको निर्माण कहिले भयो र कोबाट भयो भन्ने कुरा स्पष्टरुपमा खुलेको छैन । यस मन्दिर अगाडि ठूलो ढुंगा रहेका कारण यस स्थानको नाम लोलङ रहन गएको हो भनिन्छ । लो अर्थात् ढुंगा र लङ अर्थात् लस्कर वा ताँतीबाट नै लोलङ नाम रहेको हो भन्न सकिन्छ । यसलाई नेवारी नाम भन्ने हो वा मगर भाषा वा लिच्चविकालीन नामसँग पनि यसको अर्थ खोज्न सकिन्छ । खोपृङ, युङ नाम जस्तै लोलङ पनि यसकै समीप पुग्न सकिन्छ । मगर भाषामा नागार्जुनलाई ङाङारजुङ भनिएबाट पनि कतै लोलाङ नामको पछाडि मगर भाषाको पनि सामीप्यता आउन सक्दछ कि भन्ने अङ्कल काट्न सकिन्छ । टिस्टुङ, पालुङ, बाग्लुङ, हैबुङ, लमजुङ आदि यस्तै सामीप्यता झल्कने नाम हुन् ।

बज्रयोगिनी मन्दिरअगाडि बाइसधारा पूर्णिमामा लाग्ने खटजात्रामा खट यहाँ बिसाउने गरिन्छ । विधिवत्रुपमा पूजाअर्चना गरिन्छ । बज्रयोगिनीलाई आफ्नो टोलको रक्षकका रुपमा स्थानीयले लिएका पाइन्छ । बज्रयोगिनी अर्थात् जोगिनीलाई योगाभ्यास गर्ने नारीका रुपमा पनि लिइन्छ । काठमाडौँ उपत्यकामा वज्रयोगिनी, ब्रह्मयोगिनी, नीलतारा योगिनी र विजेश्जरी योगिनीलाई विशेष रुपमा योगिनीका रुपमा पूजाअर्चना गर्ने गरिन्छ । यस्तै, योगिनी भन्नाले गौरी, भगवती, नारायणी, शाकम्भरीलगायत चौँसट्ठी सहचारीमध्ये कुनै एकलाई बुझिन्छ । ज्योतिषशास्त्रानुसार विशेष तिथिमा विशेष दिशामा रहने देवीलाई पनि योगिनी भनिन्छ । दिङ्माता एवम् अष्टदेवीका

रुपमा समेत योगिनीलाई पूज्ने गरिन्छ । तिनै योगिनीमध्येका बज्र योगिनीको मन्दिर तारकेश्वर नगरपालिका वडा नं ४ मा रहेको छ । स्थानीय लोलाङ चोकमा रहेको बज्रयोगिनी माईको मन्दिर विशाल सिमलको रुखको काखमा थियो । तर हिजोआज उक्त रुख सुकेको छ । उक्त रुख सुकेकोमा स्थानीयको चिन्ता बढेको छ । जुन रुख आफूले सानै बेलामा सारेको कुरा स्मरण गर्दै स्थानीय लोलाङ निबासी ७३ वर्षीय सानुभाइ भन्दछन् यो मन्दिर धेरै पुरानो हो । यस अगाडि गाडिएको ढुंगाले नै लोलाङलाई चिनाएको छ । प्रारम्भमा यस स्थानमा कुनै शासकको शासन थियो वा यहाँ राज्य थियो भन्ने अनुमान पनि गर्न सकिन्छ । स्थानीय जनश्रुतिअनुसार लोलाङमा श्रीखण्ड महारानीको दरबार थियो । उनले केही तल रहेको लखपात अर्थात् हालको दगुर्ने पानी भन्ने स्थानमा रहेको बज्रजोगिनीको मूर्ति लोलाङको बिचभागमा सिमलको ठूलो रुख भएको स्थानमा स्थापना गर्न लगाएकी थिइन् भन्ने जनश्रुति पनि पाइन्छ ।

जहाँ काठमाडौँको सुन्धाराको जस्तै ढुंगेधारा पनि स्थापना गरिएको थियो । जुन धारालाई कुलबहादुर पुतुवार नामका स्थानीयले घट्टेपाखामा लगेर स्थापना गरेका थिए भन्ने किंवदन्ती पाइन्छ । जुन ढुंगेधारा अहिले पनि घट्टेपाखामुनि देख्न सकिन्छ । बज्रयोगिनीको जात्रा बालाजु बाईसधारा मेलाको बेला हुने गर्दछ । यो जात्रा अहिले पनि चलिआएको नै छ । यहाँ रहेका बज्रयोगिनी र जितगुरु गणेशको यसै अवसरमा जात्रा हुने गर्दछ । जुन जात्रा स्थानीय नेवार समुदायले मनाउँदै आएको पाइन्छ। पहिले

बज्रयोगिनीको मन्दिर लखपातमा रहेको र पछि श्रीखण्ड रानीले यसलाई लोलाङको बिचभागमा बनाउन लगाएको भन्ने इतिहासमा उल्लेख भएको पाइन्छ ।

यसैगरी बज्रयोगिनीको मन्दिर मनमैँजुमा पनि रहेको छ । मनमैँजुमा रहेको बज्रयोगिनी मन्दिरमा प्रायः मेला र पूजाअर्चना हुने गर्दछ । मनमैँजुको गणेसस्थानको उत्तर पूर्वमा अवस्थित बज्रयोगिनी होम कुण्डमा बलिरहेको अग्नीमा मनमैँजुको इन्द्रायणी देवीको खटलाई तिन पटक घुमाउनु पर्ने चलन छ । समग्रमा नेपाली संस्कृतिको अध्ययन र विश्लेषण गर्दा यसलाई सहज र सोझो अर्थमा मात्र विश्लेषण गर्न नहुने विभिन्न संस्कृतिविद्हरुको मत पाइन्छ । नामविशेष, पर्वविशेष, संस्कारविशेष, गुणदोषविशेष आदिका रुपमा ती पर्व, मठमन्दिर एवम् स्थानहरुको नामकरण भएको पाइन्छ । नामले विशेष महत्व राख्ने भएका कारणले गर्दा नै नेपालका सम्पूर्ण स्थानहरुको आफ्नै महत्व रहेको कुरालाई कसैले नकार्न सक्दैनन् ।

तारकेश्वर मण्डलका भैरव

तारकेश्वर नगरका धर्मस्थली, गोलढुंगा, मनमैँजुआदि ठाउँमा विभिन्न प्रकारका भैरवहरुको अस्तित्व रहेको पाइन्छ । वास्तवमा भैरव को हुन् भन्ने विषयको चर्चा गर्नुभन्दा पनि तारकेश्वर नगरमा रहेका भैरवहरुको नाम उल्लेख गर्नुपर्दा धर्मस्थलीका आकाश भैरव, गोलढुंगाका श्वेत भैरव प्रमुख मानिन्छन् ।

धर्मस्थलीस्थित आकाश भैरवको आफ्नै महत्व रहेको छ । नेपाल वायुसेवा निगमले नयाँ विमान खरिद गरेपछि धर्मस्थलीस्थित आकाश भैरवको विधिवत्रुपमा बलिसहित पूजा गर्ने गरेको कुरा तारकेश्वर नगरपालिकाका इन्जिनियर कञ्चन भट्ट बताउँछन् । भट्ट नेपाल वायुसेवाका पूर्वकर्मचारी पनि हुन् । उनले कैयन्पटक यस स्थलमा कर्मचारी र नेवारहरु आफना गुठीयारसहित भैरव पूजाअर्चनाका लागि आउने गरेको तर पछि कार्यालयमा नै आकाश भैरवको पूजा गर्ने गरेका कुरा बताए ।

काठमाडौँका नेवार समुदायले आफ्नो कुलदेवताका रुपमा धर्मस्थलीका आकाश भैरवको पूजा गर्ने गरेको उनी बनाउँछन् । यसैगरी गोलढुंगामा रहेका भैरव मन्दिरमा श्वेत भैरव पनि पर्दछन् । तारकेश्वर नगरको वडा नं ५ चापागाईटारमा रहेको यस भैरव मन्दिरको स्थापनाको बारेमा यकिन नभए पनि यहाँको रक्षार्थ यसको स्थापना गरिएको हो भन्ने अनुमान गर्न सकिन्छ । मनमैजु साविक वडा नं ३ खेलटोलमा रहेको होमफल्चाको अगाडि भैरवको छत्रपाल रहेको छ । जसलाई भेरिकोट भैरवको छत्रपालको रुपमा पूजा गरिन्छ । भेरिकोट भैरवको जात्राको बेलामा भैरव बनेर जानेक्रममा यही छत्रपालमा पूजा गरी सगुन चढाएर प्रसाद ग्रहण गर्ने चलन छ ।

भैरवको सम्बन्ध महादेव र इन्द्रसँग पनि भएको पाइन्छ । इन्द्रजात्रामा प्रस्तुत गरिने आकाश भैरव हाछु थेँ को आफ्नै महत्व रहेको छ । काठमाडौँको इन्द्रचोकबाट मखनतिर जाने बाटोमा आकाशभैरवको मन्दिर रहेको छ । यसैगरी हल्चोक भैरवलाई आकाश भैरवको रुपमा पनि लिइन्छ । इन्द्रजात्रको अवसरमा हलचोक भैरव र उनका गण सबो र भकूको नाचलाई बढो चमत्कारका रुपमा लिइन्छ । आकाश भैरवलाई नेवारी समुदायले वीर पूर्खाको रुपमा पुज्ने गरिएको पाइन्छ । त्यसैले इन्द्रचोकको आकाश भैरवलाई आजुद्यो भनिन्छ । आजुको अर्थ पूर्खा तथा द्योको अर्थ देवता भन्ने लाग्दछ । तान्त्रिकबाट विभिन्न देवीदेवतालाई कैद गरिएको राखिएको विभिन्न कथनहरु पनि पाइन्छ । एक जना तान्त्रिक गुभाजुद्वारा समातिएका टुडिँखेलका आकाशचारी महाकालभैरवलाई नै लिन सकिन्छ । नागार्जुन पर्वतको काखमा रहेको कालभैरवको मूर्ति राजा प्रताप मल्लले हनुमानढोकामा लगेर स्थापना गरेका थिए । श्वेत भैरवको

अस्तित्व पनि रहेका कारण भैरव पूजनमा काल र श्वेत भैरवको आफ्नै महिमा, महत्व र अस्तित्व रहेका कुरालाई पनि नकार्न मिल्दैन । नेपालमा मल्लकालपूर्व नै भैरव पूजनको परम्परा रहेको पाइन्छ । भैरवलाई महादेवको रिसाहा स्वरुपका रुपमा लिइने गरिन्छ ।

प्रताप मल्लका पालामा भैरव अगाडि गल्ति पाप वा नकाम गर्नेलाई दण्ड सजाय दिइन्थो भन्ने लोकोक्ति पनि सुनिन्छ । भैरवले दुःख हरण गर्ने र शत्रुनास गर्ने भएका कारण आफ्नो सफलता र शत्रुविनासका लागि भैरवको पूजा अर्चना गर्ने गरिएको पाइन्छ । राहुगणले दुः ख दिँदा भैरवको पूजा आजा गरिन्छ ।यसो गर्दा गृहशान्ति हुने र अनिष्ट हटेर जान्छ भन्ने मान्यता पनि रहेको छ । भैरवलाई झट्ट छोएर दर्शन गर्न नहुने भन्ने कथन पनि लोकमा पाइन्छ । यस्तै स्त्रीहरुले भैरवलाई छोएर दर्शन वा पूजा अर्चना गर्न नहुने भन्ने कथन पनि नभएको होइन तर बच्चा नभएका स्त्रीले भने उन्मत्त भैरवको लिङ्गको दर्शन गर्नाले बच्चा हुन्छ भन्ने धार्मिक कथन पनि रहेको छ । यसैगरी हल्चोक भैरवलाई इन्द्रजात्रासँग जोडिएको पाइन्छ । इन्द्रजात्राका अवसरमा इन्द्रको मुखुण्डोलाई घरको बाहिर प्रदर्शन गरिएको पाइन्छ । जमलको आकाशेपुलको तलतिर रानीपोखरीको उत्तरपट्टिको कुनामा रहेको ब्रतबन्ध नभएका समयमा बटुक स्वरुप धारण गरेका भैरव नै बटुक भैरव हुन् । बटुक भैरवको पनि आफ्नै महत्व रहेको पाइन्छ । भैरवको उत्पत्तिका सम्बन्धमा एउटा कथन पनि पाइन्छ । अन्धक नामको दैत्यले शिवजीको शिरमा गदा प्रहार गर्दा शिवजीको शिरबाट निस्केको रगतबाट पाँचवटा उग्ररुपका भैरवको उत्पत्ति भएका थिए । भैरवका विभिन्न मन्दिर मात्र होइन भैरवका नामबाट कुण्ड पनि रहेको पाइन्छ । गोसाइँ कुण्ड नजिकै रहेको भैरव कुण्ड यसको अर्को उदाहरण हो ।

धार्मिक पर्यटकीय स्थलःबृहत् शान्तिधाम

काठमाडौँको उत्तरपश्चिममा रहेको तारकेश्वर नगरपालिकामा बृहत शान्तिधाम रहेको छ । तारकेश्वर नगरपालिका वडा नं २ काभ्रेस्थलीको उच्च भागमा निर्माण भएको यस स्थानबाट उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । काभ्रेस्थलीमा नवनिर्माण भएको बृहत् शान्तिधामलाई महत्वपूर्ण धार्मिक तथा पर्यटकीय सम्पदाका रुपमा पनि लिन सकिन्छ । २०७५ वैशाख ६ गते महामहिम राष्ट्रपति विद्यादेवी भण्डारीबाट यस धामको उद्घाटन भएको थियो ।

बृहत् शान्तिधाम नेपाल नामक ०६८ मा स्थापना भएको संस्थाको परिकल्पनाका रुपमा अहिले निर्माणाधीन शान्तिधाम निर्माण भएको हो । नेपालमा पनि चारधाम छ भनेर धार्मिक विश्वास र आस्था अभिवृद्धि गर्नकालागि यसलाई स्थापना गरिएको हो । वर्सेनी लाखौँ रुपैँया धार्मिक पर्यटनका रुपमा विदेसिएकाले सो कमगर्न पनि यसलाई

प्रमुख धार्मिक गन्तव्यका रुपमा विकसित गर्न लागिएको बृहत् शान्तिधाम व्यवस्थापन समितिका अध्यक्ष श्रीराम थापा बताउँछन् ।

करिब ६ करोड रुपैँयाको लगानीमा निर्माण भएको यस धाममा बद्रीनारायणको मूर्ति बनाउने काम सम्पन्न भएको छ । करिब १० रोपनी जग्गामा निर्माण भएको यस धामको व्यवस्थापन बृहत् शान्तिधाम व्यवस्थापन समितिले गरेको छ । ६ करोड रुपियाँमा तयार भएको यस धामका लागि नेपाल सरकार, नगरपालिका, वडा र जनस्तरबाट रकम व्यवस्थापन गरिएको हो ।

यस परिसरमा बृद्धाश्रम र गौशाला निर्माण पनि गरिने भएको छ । प्रत्येक वर्ष अक्षय तृतीयाका दिन यसको वार्षिकोत्सव मनाइने कुरा बृहत् शान्तिधाम नेपाल व्यवस्थापन समितिका पदेन सदस्य एवम् वडा नं २ का वडाध्यक्ष रविन्द्र के.सी.ले बताउँछन् । जुन दिन विष्णुबुढानीलकण्ठबाट चण्डेश्वरी साङ्ला हुँदै यस मन्दिरसम्म पदयात्रा गरी भव्यरुपमा वार्षिक कार्यक्रम मनाइन्छ । यहाँ पूजा तथा मन्दिर व्यवस्थापन गर्न करिब ६० लाख रकम बराबरको अक्षय कोष खडा गरिएको छ । चार धामको परिकल्पनास्वरुप त्यस्तै शैलीमा यसको निर्माण गरिएको छ ।

धार्मिक पर्यटनका लागि यो क्षेत्र ज्यादै महत्वपूर्ण स्थलका रुपमा लोकप्रिय हुँदै गएको छ । दिनप्रतिदिन थुप्रै पर्यटक यहाँ आउने गर्दछन् । बृहत् शान्तिधाम व्यवस्थापन समितिका अध्यक्ष श्रीराम थापाका अनुसार शान्तिधाम परिसरमा ११ कोठे वृद्धाश्रम निर्माण गर्न लागिएको छ । त्यस्तै मलेसियन हिन्दूले १०८ फिट अग्लो कुमारको मूर्ति बनाउन लागेको कुरा थापाले बताए । बृहत् शान्तिधाम परिसरमा गरुढ र कुमारको मूर्ति रहेका छन् । तारकेश्वर नगरपालिका वडा नं २ देवीथानमुनिको सार्वजनिक जग्गामा यो मन्दिर बनेको छ । नुवाकोटमा १० रोपनी जग्गा सट्टा भर्ना दिएर मन्त्रीपरिषद्बाट पास भएर नै मन्दिर निर्माण भएको हो थापाले बताए । मन्दिर आकर्षक शैलीमा निर्माण गरिएको छ भने विभिन्न चित्रकला र बुट्टाहरुले पनि सजिएको छ ।

तारकेश्वर नगरपालिकालाई यस तीर्थले धार्मिक पर्यटनको व्यापक सम्भावना भएको नगरका रुपमा पनि स्थापित गरेको छ । यस नगरका थुप्रै महत्वपूर्ण सम्पदामध्येको यो सम्पदा हालै निर्मित सबैभन्दा ठूलो सम्पदा हो । भारतीय भूमिमा मात्र चारधाम छैन नेपाली भूमिमा पनि चारधाम छ भनेर नै यसलाई पछिल्लो समयमा निर्माण गरिएको हो ।

बृहत् शान्तिधामका रुपमा दिनप्रतिदिन लोकप्रिय बन्दै गएको यस सम्पदा पुग्ने जो कोही पनि यहाँ वरपरको हरियाली देखेर मन्त्रमुग्ध नहोलान् भन्न सकिन्न । यस नगरले दीर्घकालीन योजनाका रुपमा धार्मिक सांस्कृतिक सम्पदालाई समेटेर धार्मिक सांस्कृतिक पर्यटनको अवधाराणा अघि सारेको छ । यस प्रकारको अवधारणाले नगरको समुन्नत विकासमा टेवा पुग्ने देखिन्छ ।

तारकेश्वर नगरपालिकाले आफ्नो दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठीमा प्रमुख अतिथि प्रदेश नं ३ का प्रदेश सभा सदस्य माननीय प्रकाश श्रेष्ठले प्राकृतिक र धार्मिक हिसावले धनी तारकेश्वर नगरपालिकालाई पर्यटकीय नगरी बनाउन सबैभन्दा पहिले पूर्वाधार विकासमा ध्यान दिनुपर्ने बताउनु भएको थियो । उहाँले कम्तीमा २५ वर्षको लक्ष्य राखेर पर्यटन र कृषि क्षेत्रमा लगानी गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

तारकेश्वर नगरपालिकाका नगरप्रमुख रामेश्वर बोहोराले नगरपालिकाले कृषि र पर्यटनलाई पहिलो प्राथमिकतामा राखेर कार्ययोजना अगाडि बढाइएको कुरा बताउनु भएको थियो । यस्तै नगरउपप्रमुख भवानी डोटेलले नगरको भौतिक पूर्वाधारको विकास गरी समृद्ध र पर्यटकीय नगर बनाउने लक्ष्यका साथ कार्यशालाको आयोजना गरिएको जानकारी पनि दिनुभयो ।

ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय सम्पदाका बारेमा देवेन्द्र अर्याल आँसुले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा पुरानो गुह्येश्वरी, ऐतिहासिक मुडिखुगढी एवम् भ्यूटावर, भुवनेश्वरी, पाँचमाने, जितपुरफेदी, सिद्धेश्वर, धर्मस्थली महाँकाल, काभ्रेस्थली बृहत् शान्तिधाम, साङ्ला बालकुमारी, फुटुङ, मनमैजुलगायतका सम्पदालाई समेटेर पर्यटकीय पदयात्रा बनाउनु पर्नेलगायतका विषय उल्लेख भएको पाइन्छ ।

सिद्धेश्वर महादेव

साबिक जितपुरफेदी ६ हाल तारकेश्वर नगरपालिका ३ मा रहेको प्रमुख तिर्थका रुपमा सिद्धेश्वर महादेव मन्दिरलाई लिइन्छ । महादेव खोलाको वायाँ किनारामा ठूला ठूला ढुंगाको बिचमा रहेको मन्दिर संरक्षणका लागि पाटी बनाउने क्रममा मन्दिरको

प्राङ्गणमा ईटाको गारो भेट्टिएको थियो । उक्त शिवलिंग लिच्छविकालीन रहेको मानिन्छ । जुन मन्दिर १९९७ सालमा निर्माण भएको पाइन्छ । ११७ से मी लम्बाइ र ८७ से मी चौडाइ भएको जलहरीमा अष्टपत्र कुँदिएको छ । शिवलिंग प्राचीन मूर्तिमा लगाइने लेप नै लगाइएको छ । जसका कारण उक्त शिवलिङ्गा १३०० देखि १९०० वर्ष पुरानो भएको अनुमान गर्न सकिन्छ ।

सिद्धेश्वर महादेव मन्दिर निर्माण समितिको पहलमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति महाशाखाबाट बनेट विनियोजित भई आव ०५८/०५९ मा पुरातत्व विभागलाई निर्माणको जिम्मा सुम्पिएको देखिन्छ । मन्दिर निर्माणका क्रममा त्यतिबेला दक्षिण पश्चिममा पुरानो जगको ईटामा २१ वटा लिच्छविकालीन मुद्रा फेला परेका थिए । यसका बारेमा स्वस्थानी व्रतकथामा समेत उल्लेख भएको मूल पूजारी धातृकुमार ढकालले बताए । यस भेगमा प्राप्त शिवलिङ्गमध्येको यो सबैभन्दा पुरानो र प्रमाणित रहेको देखिन्छ । पुरातत्व विभागले समेत मान्यता दिएर निर्माण गरिएको यस मन्दिरलाई महत्वपूर्ण सम्पदाको रुपमा लिन सकिन्छ । जसको आफ्नै धार्मिक, पौराणिक मूल्य मान्यता र अस्तित्व रहेको देखिन्छ ।

सिम्लेश्वर महादेव

तारकेश्वर नगरपालिका वडा नं.३ रहेको सतिप्रथासँग सम्बन्धित तर चन्द्रशमसेरको पालापूर्वदेखि नै पूजा हुन थालेको मन्दिर हो । यस मन्दिरको निर्माण सम्बन्धमा अधिकारी महिला सति जाँदा ब्राह्मण भान्जा र योगी राखेर पूजा गरिएको भन्ने कथन

पाइन्छ । उक्त सतिले लगभग ४ रोपनी जग्गा दान गर्नुभएको जग्गा टंक प्रसाद अधिकारीको आमाको नाममा रहेको पति विक्रम सम्वत् २०६९ मा सिम्लेश्वर महादेव संरक्षण संस्थाको नाममा आएको हो । पहिले सिम्लेश्वर महादेवस्थान अधिकारी सति संस्थाको नाममा दर्ता भए पनि पछि यो सिम्लेश्वर महादेवस्थान संरक्षण संस्था नामकरण गरियो ।

भुवनेश्वरी मन्दिर

तारकेश्वर नगरपालिका वडा नं.३ ऐतिहासिक पाँचमाने भञ्ज्याङको पुछारमा तिनपिप्लेको उत्तर शिराना रहेको महत्वपूर्ण मन्दिर हो भुवनेश्वरी मन्दिर । विक्रम सम्वत् २०७२ को महाविनाशकारी भूकम्पका कारण यस पूर्व निर्माण भएको माता भूवनेश्वरीको मन्दिर पूर्णरुपमा ध्वस्त भएको र त्यसपछि पुनः सोही ठाउँमा भूवनेश्वरी माताको मन्दिर निर्माण भएको हो । यस मन्दिर निर्माणको श्रेय श्यामबाबालाई जान्छ । प्राकृतिक दृष्टिले मात्र नभएर पर्यावरणीय तथा पर्यटकीय दृष्टिले समेत ज्यादै लोकप्रिय यस मन्दिरमा पुग्नका लागि सिँढी चढेर उकालो चढ्नु पर्दछ । तारकेश्वर धार्मिक पर्यटनका लागि पनि सम्भावना भएको नगर हो भन्ने कुरा यस मन्दिरले सहजै बोध गर्न सकिन्छ । भुवनेश्वरी मन्दिरलाई आधुनिक भएर पनि ज्यादै महत्वपूर्ण शक्तिपीठका रुपमा लिन सकिन्छ ।

यो ज्यादै आकर्षक वा शिखर शैलीमा निर्माण भएको छ । वरिपरि स–साना गजुर र बिचमा मुख्य गजुरले सजिएको माता भुवनेश्वरीको मन्दिरलाई आस्थाको प्रमुख धरोहरका रुपमा लिइन्छ । जहाँ टाढा टाढाबाट थुप्रै भक्तजन आउने गर्दछन् । यस मन्दिरले तारकेश्वर नगरको पर्यटन विस्तारमा पनि थप टेवा पुऱ्याएको नै छ ।

प्राचीन कालको प्रमुख व्यापारिक मार्ग

तारकेश्वर नगर देवदेवीको रथयात्रा र तीर्थयात्राको प्रमुख मार्ग पनि हो । काठमाडौंकी देवी शोभाभगवती आफ्नो माइत नुवाकोट जाने र फर्कने मार्ग धर्मस्थली नै हो । अहिले पनि उनको रथ शोभाभगवतीबाट त्रिशुली लैजाँदा एक दिन धर्मस्थलीमा बास बसाउने चलन छ। यसैगरी नेवारी समुदायको उत्कृष्ट तीर्थस्थल शिलू वा गोसाइँकुण्ड पनि एक हो । शिलूसँग सम्बधित संस्कार वा शिलूम्येमा पनि न्यागमणि र धर्मस्थलीको वर्णन पाइन्छ । शिलूम्येमा पाँचमाने र धर्मस्थलीको प्रसङ्ग आउनुले यस स्थलको प्राचीनतालाई झनै पुष्टि गर्दछ ।

यसैगरी तारकेश्वर नगरका धर्मस्थली र जितपुरफेदी प्रमुख व्यापारिक मार्ग हुन् भन्ने कुरा विभिन्न पुस्तक वा ग्रन्थमा उल्लेख भएको पाइन्छ । लिच्छविकाल, मल्लकाल र शाहकालमा पनि यो क्षेत्र नेपालको पश्चिमतर्फ जाने महत्वपूर्ण नाका र व्यापारिक मार्ग रहेको देखिन्छ । विक्रम सम्वत् २०१७ सालपूर्व काठमाडौँ उपत्यकाबाट पश्चिमतिर आवतजावत गर्ने प्रमुख मार्गका रुपमा पाँचमानेको विशेष स्थान रहेको पाइन्छ । केहीवर्ष पहिले पाँचमानेमा मानाङ्क मुद्रा फेला परेको थियो । जसका कारण पाँचमानेको अस्तित्व लिच्छवि कालदेखि नै भएको र यो त्यतिबेलादेखि नै प्रमुख व्यापारिक केन्द्र भएको अनुमान गर्न सकिन्छ । भोट र तिब्बतसँगको प्रमुख व्यापारिक मार्ग पनि पाँचमाने नै रहेको पाइन्छ। वडामहाराजधिराज पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकालाई वि.सं. १८२५ मा विजय प्राप्त गर्नुपूर्व उनले नुवाकोटलाई वि.सं. १८०१ मा हात पारेर आर्थिक नाकाबन्दी गरेका थिए ।

तिब्बतसँगको व्यापारिक मार्गका रुपमा रहेको केरूङ जाने मुख्यबाटो पनि यहीँ नै रहेको थियो । पृथ्वीनारायण शाहले नुवाकोट जित्न खोजेको कारण पनि यही मार्ग नै थियो । त्यस्तै, वि.सं. २०१८ सालमा तत्कालीन राजा महेन्द्र पश्चिमाञ्चल भ्रमणमा जाँदा घोडामा सवार भएको र पाँचमानेमा विश्राम गरेको कारण पाँचमाने थप चर्चामा आएको पाइन्छ। सन् १८७१ सालअघि स्याङ्जादेखि काठमाडौँ आउँदा मूलबाटोमा नुवाकोट, पोखरा, सातमुहान, सोतीको पसल, कन्छा, गानेचौक, सिसाघाट, बाह्रफिर्के, खोप्लाङ, चोरकाटे, जरैवर, निमेल दोकान, बोरलाङघाट, हाँसेको पसल, पन्ध्रकोषे, चरगेकोफेदी, भञ्याङभुरूङ, सामरी, त्रिशुली, बट्टार, रानीपौवा, जितपुर, धर्मस्थली, डुक्रनेपानी, र बालाजुबाट गुज्रनु पर्दथ्यो भनी सरदार भीमबहादुर पाडेँले **त्यस बेलाको नेपाल** नामक पुस्तकको पृ. १४३ मा उल्लेख गरेका छन् ।

सिल्भाँ लेभीले बालाजीबाट किरोङ (केरुङ?) तिब्बत जाने बाटो सुरु हुन्छ भनेका छन् । उनका अनुसार यो मार्ग धर्मस्थली हुँदै जितपुर नै भएको अनुमान गर्न सकिन्छ । त्यस्तै, ज्ञानमणि नेपालले नेपाल भोटचीन सम्बन्धका केही सांस्कृतिक पक्ष नामक पुस्तकमा चीनबाट खलितापत्र र सरसौगात आउँदा ठूलो उत्सव मनाइने र यहाँका

उच्च भारदारहरु पल्टन लिएर लिन जाने, बालाजूदेखि नाचगानाबजान गर्दै हात्तीमा चढाएर ल्याएर यो खलिता भित्र्याइन्थ्यो भनी उल्लेख गरेबाट पनि यो पुष्टि हुन्छ कि त्यो बालाजुसम्म खलिता ल्याउने मार्ग जितपुर हुँदै धर्मस्थली नै थियो ।

यसैगरी विक्रम सम्वत् १८४६ देखि नियमितरुपले पपाँच वर्षमा अर्जी सौगात लिई प्रतिनिधिमण्डल बादशाहको दर्शन गर्न पेचिन पुग्ने प्रथा सुरु भयो । यसरी चीन जाने प्रतिनिधिमण्डल फर्केर आउँदा केरूङको बाटो गरी नुवाकोट चतुरालेबाट जितपुरफेदी र धर्मस्थली हुँदै बालाज्यू आउने चलन थियो । यसैगरी मुडिखुगढीको चर्चा पनि बाबुराम आचार्यले कीर्तिपुरबाट मुड्खुकोटतर्फ लाग्दा बिचमा ल्हुतिकोट पर्ने भएकाले पृथ्वीनारायणले उक्त किल्लामाथि अधिकार जमाउने योजना बनाएका थिए भनी उल्लेख भएकोले पनि यो क्षेत्र परापूर्वकालदेखि प्रमुख सामरिक मार्ग भएको अन्दाज गर्न सकिन्छ ।

अभिलेख वा शिलालेख

तारकेश्वर नगरमा विभिन्न अभिलेख वा शिलालेख पनि रहेका छन् । केही त्यस्ता अभिलेख त केवल पाषाणप्रतीक बनेर उभिएका देखिन्छन् भने कैयन्का अस्तित्व हराएर गइसकेको छ । यहाँको प्रमुख तीर्थ पाँचमानेको प्रतीकात्मक चित्र काठमाडौँको थामबहिल बिहारमा रहेको छ भनी Hubert Decleerले Accounts of Svayambhu भन्ने पुस्तकमा उल्लेख गरेका छन् । पुस्तकमा वर्णन भएअनुसार भगवान्हरु बुद्धको स्वागतका लागि सगुन लिएर उभिएका देखिन्छन् । उनीहरु शाक्यमुनी बुद्धको स्वागतमा झ्याली (Cymbals) बजाइरहेका जस्तो देखिने काठको तोरणमा खोपिएको चित्र पाँचमानेको हुनुपर्दछ भनी उनले उक्त लेखमा उल्लेख गरेका छन् ।

यसैगरी पुरानो गुह्येश्वरी मन्दिर परिसरमा वि.सं. १८६० मा धर्मशाला बनाइएको कुरो मन्दिरपरिसरमा रहेको शिलालेखबाट प्रष्ट हुन्छ । त्यस्तै, लखपातल (मृगस्थली) मा रहेको वाणेश्वर मन्दिरको शिलालेखमा 'स्वस्तिश्री गणेशाय नमः श्री शाक्य १७३२ विक्रमादित्य सम्वत् १८७२, मिति ..... राणाले लषुपातल मृगस्थलीमा वाणेश्वर स्थापना गरी देवल पाटी पौवा बनाई.....।'भनी उल्लेख भएको शिलालेख मन्दिर परिसरमा रहेको छ । त्यस्तै, साङ्ला बालकुमारीमा राजा त्रिभुवनले विक्रम सम्वत् २००८ साल बैशाख शुक्ल परेवाका दिन स्तम्भ खडा गरेको कुरा त्यहाँस्थित नारायणको स्तम्भबाट सो कुरा बुझ्न सकिन्छ ।



स्वस्ति मानगृहात्प्रथितामलविपुलयशा निरुपमगुणगणो १
(लि)च्छविकुलकेतुर्भट्टारकमहाराज श्रीशिवदेवः कुशली –दु...
...ग्रामनिवासिनः प्रधानपुरस्सरान्ग्रामकुटुम्बिन कुशल
(प)रिप्रश्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भवतां यथानेन
–पनमितानेकक्षितिपतिशिरोविभूषणमणिरुचा (वभासित)चर–
णयुगलेन सम्यक्प्रजापालनपरिश्रमोपार्जितदिगन्तव्याप्तप–
(रा)क्रम श्रीमहासान्तांशुवर्म्म णा युष्मदनुग्रहाय .. ...
कूथेरवृत्त्यधिकृतानामिह समुचितस्त्रिकरमात्रसाधनायैव (प्रवे)
शो(ले)ख्यदानपश्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो
व:कृतस्त (दे)
वं वेदिभिरस्मच्चरणोपजीविभिरन्यैर्व्वा न कैश्चिदयं प्रसादो-
न्यथा(क)
रणीयो यस्त्वेतामाज्ञामुल्लङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहमति–
(त)रान्न मर्षयिष्यामि येपि मदूर्ध्वम्भूभुजो भवितारस्तैरपि धर्म्मगु–
रुभिर्ग्गुरुकृतप्रसादानुवर्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीया
दूतकश्चात्र विप्रवर्म्मगोमी संवत् ५१७ प्रथमाषा–
ढशुक्लदिवाद्वादश्याम्

यस क्षेत्रमा प्राप्त शिलालेख र अभिलेखमध्ये सम्वत् ५१७ को शिवदेव तथा अंशुवर्माको धर्मस्थलीको शिलालेखलाई महत्वपूर्ण सन्दर्भको रुपमा लिनसकिन्छ । हुन त मौखिक आधार तथा जनश्रुति पनि होलान् तर त्यो भन्दा प्रमाणित आधार भने धर्मस्थलीमा प्राप्त शिवदेव, अंशुवर्माको शिलालेख नै हो । धर्मस्थलीमा शिलालेख रहेको ठाउँ त केवल खोपोमा परिणत भएको छ । त्यो लिच्छविकालीन अभिलेख कहाँ र कुन अवस्थामा छ भन्न सकिन्न । यसैगरी धर्मस्थली खेलाचौरको ख्योमा अगाडिको अभिलेख पनि नबुझिने अवस्थामा पुगेको छ । यसैगरी जितपुरफेदीको चैत्यसँगै अभिलेख रहेको छ । जितपुरमा भएका अभिलेखहरुमा पुरानो बजारको नेपाल सम्वत् ९४५ चैत्य उल्लेखनीय र महत्वपूर्ण मानिन्छ ।

स्वयम्भू महाचैत्यभन्दा पहिले नै धर्मस्थलीमा बुद्धचैत्य बनिसकेको हुँदा धमाथु चैत्यलाई स्वयम्भूकी आमा भनिएको हो । राजा नृपेन्द्र मल्लको राज्यकालमा ने.स. ७९८/८०० मा यहाँस्थित भगवान ख्योमा चैत्य निर्माण भएको हो । धर्मदेव राजाले विशाल फाँटबाट बग्ने रुद्रमती र शेषमती नदीको दोभानमा धर्मेश्वर महादेवको स्थापना गरेको र पछि उक्त महादेव मन्दिर धर्मस्थली बजारको बीचमा लगेर राखिएको हुनाले महादेवकै नामबाट धर्मस्थली नामकरण भएको हुनसक्छ । धर्मराजले यस स्थलमा आई तपस्या गरेकोले पनि यस ठाँउको नाम धर्मस्थली रहन गएको किंवदन्ती पाइन्छ । त्यस्तै, भारतका राजा अशोक बुद्ध धर्म दर्शनको सिलसिलामा धर्मस्थलीको स्तूप(ख्योमा) अगाडि पाली भाषामा धम्म धर्म शब्द थपी धर्मस्थली नाम दिएबाट धर्मस्थलीको नाम रहन गएको पाइन्छ ।

चिनियाँ यात्री हुँ यान साङ्गले आफ्नो यात्रा वृत्तान्तमा समेत धर्मस्थलीका तीनवटा पीपलको बोट रोपेको र यस ठाँउको उल्लेख गरिएको पाइन्छ । धर्मस्थलीको महत्व र व्यापकता बारेमा अझै अनुसन्धान भएको पाइन्न । व्यापार तथा धार्मिक सिलसिलामा चीन तिब्बत यात्रा गर्ने यात्रुलाई यस स्थानमा बास दिने कार्यले गर्दा पनि यस ठाउँको नाम धरमथली रहन गएको हुनसक्छ । धर्मस्थलीलाई नेपाल तिब्बत भोटको व्यापारिक मार्गका रुपमा लिइन्छ । भृकुटीको विवाहपछि उनको बिदाइ यही मार्ग हुँदै गरिएको र जगत्गुरु शङ्काराचार्य पनि तिब्बत यात्राका लागि यही धर्मस्थलीकै बाटोबाट लाग्नु भएकोले यस ठाउँको महत्व विशिष्ट रहेको पाइन्छ ।

त्यस्तै सिद्धेश्वर महादेव परिसरमा रहेको शिलालेखमा सिद्धेश्वर महादेवको प्रसङ्गका साथै पुरातात्विक महत्व र जितपुरफेदीको महत्व र यससँग रहेको ऐतिहासिक भ्रमको चिरफार गरिएको शिलालेख रहेको देखिन्छ । त्यस्तै, श्री ५ महाराजाधिराज प्रतापसिंह शाहको वि.सं.१८३२ साल माघ सुदी ५ रोज ५ को लालमोहरमा समेत धर्मस्थलीको नाम उल्लेख भएकोले यस क्षेत्रको महत्व व्यापक रहेको कुरा इतिहासमा उल्लेख भएको देखिन्छ । आचार्य शिरोमणिलाई कुशविर्ता दिइएको अभिलेखदेखि अन्य थुप्रै महत्वपूर्ण अभिलेख यहाँ रहेको पाइन्छ ।

शिलालेख तथा अभिलेखको नगर मनमैँजु

मनमैँजुलाई अभिलेखहरुको नगरभन्दा पनि फरक नपर्ला । यहाँ अनगिन्ति अभिलेख रहेको सहजै देख्न सकिन्छ तर ती अभिलेखहरु संरक्षणको अभावमा दिनप्रतिदिन खण्डहर बन्दै गएका छन् । मनमैँजुको होमफल्चाको अगाडि रहेको अभिलेखको अवस्था दयनीय छ भने महाँकाल मन्दिरअगाडिको सत्तलमा रहेको शिलालेख पनि पुरिएर गइसकेको छ । यसैगरी मदानपुर मनमैँजु परिसरमा ने सं ७८५ मा धनमुनिले मनमैँजु मन्दिर परिसरमा इट्टा छापेको कान्तिपुर अभिलेखमा उल्लेख भएको छ । मनमैँजु मन्दिरभित्रको शिलापत्र अनुसार ने.सं. ७८६ मनमैँजु मन्दिरको स्थापना प्रताप मल्लको पालामा मल्लकालीन प्यागोडा शैलीमा भएको उल्लेख छ ।

मनमैँजु मन्दिरअगाडि ने.सं. ७९२ मा सिँहको मूर्ति स्थापना गरेको अभिलेख, ने.सं. ७९५ मा रुसिंह महर्जनले पाटी बनाई प्रतिष्ठा गरेको, ने.सं.८१५ मा मनमैँजु मन्दिरअगाडि तोरण राखेको, ने. सं ९०२ र ९०५मा इन्द्रायणी खुशी पार्न चौघेरापाटी बनाई गुठी स्थापना गरेको शिलालेख, राजा गीर्वाणयुद्ध विक्रमको पालामा मन्दिरको पूजागर्नका लागि ने.सं. ९२१ मा गुठीको स्थापना गरेको शिलालेख, मदानपुरको दक्षिणपट्टि रहेको पाटीको शिलालेखअनुसार खेत रोपनी ३ उल्लेख भएको तुयिसिँ महर्जन, रत्नसिंह महर्जन लगायतको ३ जनाको अभिलेख, ने.सं. ९३५ मा मनमयजी हिटीको खोला छेउको रोपनी १ चुर १ जग्गा राखेको मनमैजु देवीस्थान नेरको धाराको अभिलेख, ने.सं. ९३६ चैत्र शुक्लपक्षमा फले पाटीको जिर्णोद्धार गरेको र टोखागैरी खेत

३ रोपनी गार खेत २ रोपनी त्वमि खेत १ रोपनी गरी ९ रोपनी जग्गा राखेको अभिलेख कान्तिपुर शिलालेख सूचिमा समेत उल्लेख भएको पाइन्छ । यसका अलावा थुप्रै शिलालेख यहाँ रहेका छन् । तारकेश्वर नगरमा सबैभन्दा बढी शिलालेख भएका कारण शिलालेखको नगरका रुपमा मनमैँजुलाई लिन सकिन्छ ।

ख) सम्पदा वा पर्यटकीय पदमार्ग

यस नगरमा रहेका महत्ववपूर्ण स्थानहरुलाई समेटेर सम्पदा संरक्षणका लागि विशष योजना तर्जुमा गर्ने हो भने पनि एकातिर सम्पदाको संरक्षण प्रचारप्रसार हुन पुग्दछ भने अर्कोतिर ती महत्वपूर्ण सम्पदालाई समेटेर बृहत् पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न पनि सकिन्छ । यसो गर्ने हो भने पक्कै पनि तारकेश्वर नगरपालिका स्वयम्मा सम्पन्न र सक्षम नगरपालिका बन्ने देखिन्छ । जसका लागि नगरले एउटा दीर्घकालीन योजना निर्माण गरेर अगाडि बढ्नु पर्ने देखिन्छ । यहाँका सम्पदालाई समेटेर निम्नानुसारका पर्यटकीय मार्ग निर्माण गरी वा तीसँग सम्बन्धित सम्पदा संरक्षणका गुरुयोजना वा आयोजना सञ्चालन गर्न सकिन्छ :

१. मनमैजु– फुटुङ –साङ्ला बालकुमारी
२. पुरानो गुह्येश्वरी–लोलाङ योगिनी मन्दिर-गोलढुंगा खेलमैदान-रुद्रेश्वर–कृष्णमन्दिर–चोगाउँ–मुडिखुगढी
३. ओसो तपोवन–मुडिखुगढी भ्यूटावर–तिनपिप्ले भुवनेश्वरी
४. धर्मस्थली–काभ्रेस्थली– शान्तिधाम
५. धर्मस्थली–जितपुरफेदी–सिद्धेश्वर–पाँचमाने – तारकेश्वर महादेव मन्दिर
६. धर्मस्थली–महाँकाल–चोगाउँ – मुडिखुगढी –कालीदेवी बुद्धपार्क
७. धर्मस्थली– काभ्रेस्थली– तारकेश्वर मन्दिर ।
८. मनमैजु– फुटुङ –साङ्ला–बौँडेश्वर महादेव र झरना ।
९. पुरानो गुह्येश्वरी-शान्तिगुफा-न्याँकन्डोल महाँकाल- मुडिखु-मुडिखु गढीथुम्को भ्यूटावर
१०. मुड्खुढोका-मुडिखुगढी-भुवनेश्वरी-पाँचमाने-तारकेश्वरधाम-देवीस्थान-काभ्रेस्थली शान्तिधाम-साङ्ला-फुटुङ-मनमैँजु

यस प्रकारको सम्पदा मार्ग वा गुरुयोजना निर्माण गर्दा पर्यटकहरुलाई यहाँका महत्वपूर्ण स्थलको जानकारी पर्याप्त मात्रामा मिल्दछ भने यस क्षेत्रको प्रचार प्रसारमा पनि व्यापकता आउँदछ । त्यसैले नगरपालिकाले दीर्घकालीन पर्यटकीय योजना अघि सार्ने हो भने यस क्षेत्रमा रहेका सम्पदाको पहिचान गरी संरक्षण, प्रचार प्रसार र सम्बर्द्धन गर्नु पर्दछ । ती सम्पदाहरु आवश्यक प्रचारप्रसारका अभावमा ओझेलमा परेका छन् ।

यस तारकेश्वर नगरपालिका भित्र रहेका विभिन्न सम्पदाको संरक्षणमा समस्या देखिएको छ । ती सम्पदाको आवश्यक प्रचारप्रसार नहुँदा ती ओझेलमा परेका छन् । स्थानीय नगरवासीको जनचेतनाका कारण पनि ती सम्पदाहरु संकटमा परेका हुन् । स्थानीय निकायले ती क्षेत्रलाई समेटेर गुरुयोजना तयार नगर्दा पनि ती सम्पदाहरु ओझेलमा पर्न पुगेका छन् । त्यसैले सम्बन्धित निकायले आवश्यक गुरुयोजना तथा अन्य योजना निर्माण गरी त्यस्ता सम्पदा संरक्षणमा व्यापक चासो दिनु आवश्यक छ । यसैगरी नगरपालिकाले पुरातत्व विभाग, संस्कृति मन्त्रालय, पर्यटन विभाग लगायतका निकायसँग समन्वय गरेर आवश्यक योजना बनाएर त्यस्ता सम्पदाको प्रचारप्रसार गरिएको देखिन्न । आवश्यक बजेटका अभावमा भएका सम्पदाहरुको पनि प्रचार प्रसार वा संरक्षण हुन सकेको छैन । नगरले नगरका सम्पदा संरक्षणमा कुनै समिति बनाएको पनि देखिन्न । आवश्यक नीति तथा योजना नहुँदा सम्पदा अलपत्र अवस्थामा देखिएका छन् । मठमन्दिरबाट मूर्ति चोरिएका छन् भनै कैयन् मूर्तिहरु लोप भएर गइसकेका छन् । कैयन् सम्पदाहरु अतिक्रमणमा परेका छन् । भएका सम्पदा जोगाउनका लागि नगरले खासै पहल गरेको छैन् । त्यसो त तारकेश्वर नगरपालिकाले आफ्ना मूर्त अमूर्त सम्पदाको हालसम्म अभिलेखीकरण समेत गरेको देखिन्न ।
नगर वा वडाले यहाँका केही वडामा जात्रा सञ्चालन गर्न वा पर्व आयोजना गर्न वार्षिक बजेट वितरण गरेको पाइन्छ । यसले संस्कति, परम्परा संरक्षणमा पर्याप्त पहल नपुगेको देखिन्छ । तारकेश्वर नगर आफैँमा सम्पदाले भरिएको नगर हो । यहाँका वडा नं १ देखि ११ सम्म विभिन्न सम्पदा रहेका छन् । लिच्छविकाल, मल्लकालदेखि हालसम्मका सम्पदा भएका कारण पनि यस तारकेश्वर नगरपालिका सांस्कृतिक सम्पदाका लागि महत्वपूर्ण नगरपालिका रहेको प्रष्ट हुन्छ ।

समस्या समाधानका उपायः

तारकेश्वर नगरपालिकाभित्र रहेका सम्पदा संरक्षणका लागि सबैभन्दा पहिले तिनीहरुको संरक्षणका लागि नगरपालिकाले विभिन्न योजना निर्माण गर्नुपर्ने देखिन्छ । यसैगरी सम्पदा संरक्षणका लागि व्यापकरुपमा प्रचार प्रसार गरेर ती सम्पदाको संरक्षणमा पहल गर्नु अत्यावश्यक देखिन्छ । जनचेतनाका कमीका कारण त्यस्ता सम्पदाहरु ओझेलमा परेका छन् त्यसैले ती सम्पदा संरक्षण गर्न नगरपालिकाले विभिन्न योजना तथा गुरुयोजना निर्माण गरी आगामी दिनमा अगाडि बढ्नु पर्दछ ।

त्यसका लागि नगरपालिकाले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्माण गरेर बजेट विनियोजन समेत गर्नु पर्दछ । नगरपालिकाले आवश्यक गुरुयोजना वा अन्य योजना निर्माण गरी त्यसलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । वास्तमा यस नगरमा सम्पदा संरक्षणका लागि कुनै पनि दीर्घकालीन योजना निर्माण भएको पाइन्न ।

त्यसैले तत्कालै गुरु योजना वा अन्य योजना निर्माण गरी सम्पदा संरक्षण प्रचारप्रसारका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ । यहाँ भएका सम्पदाहरुको अवस्था ज्यादै उपेक्षित अवस्थामा रहेका कारण पनि त्यस्ता सम्पदा संरक्षणका लागि नगरपालिकाले ठोस कदम चाल्नुपर्ने देखिन्छ । लिच्छविकालीन, मल्लकालीन तथा शाहकालीन सम्पदाहरु भएर पनि ती सम्पदाको प्रचारप्रसार नभएकाले यस नगरका सम्पदाको भविष्य अन्यौलमा परेको देखिन्छ ।

यसैगरी पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालय, संस्कृति मन्त्रालय, पर्यटन मन्त्रालय, विभागसँग समन्वय गरेर विभिन्न योजना वा गुरुयोजना निर्माण गर्नुपर्ने देखिन्छ । यस्तै नगरका सम्पदाका महत्व, विशेषता, झल्कने खालका विभिन्न वृतचित्र निर्माण गर्नुपर्ने देखिन्छ । जसकाकारण ओझेलमा परेका सम्पदाको प्रचारप्रसार हुन पुग्ने छ । नगरपालिकाले विभिन्न निकायसँग आवश्यक समन्वय गरेर सम्पदाको प्रचारप्रसार, सम्बर्द्धन तथा संरक्षणका लागि कदम चाल्नुपर्ने देखिन्छ ।

यसैगरी विभिन्न सम्पदालाई समेटेर पदमार्ग निमार्ण गर्नुपर्ने देखिन्छ भने त्यसप्रकारका सम्पदाको प्रचारप्रसारका लागि विभिन्न महोत्सव आयोजना गर्नुपर्ने देखिन्छ । मौलिक नाच संस्कृति झल्कने कार्यक्रम तथा महोत्सव आयोजना गर्ने, पत्रपत्रिका, स्मारिका आदि प्रकाशन गर्ने हो भने पक्कै पनि तारकेश्वर नगरपालिकाका सम्पदाको उचित संरक्षण र प्रचारप्रसार हुने देखिन्छ ।

निष्कर्ष वा सुझावः

यस प्रकारको अनुसन्धानबाट तारकेश्वर नगरपालिकाका विभिन्न सम्पदाहरु उपेक्षित र प्रचारप्रसारको अभावमा ओझेलमा परेको देखिन्छ । ती सम्पदाको उचित प्रचार प्रसार गर्न नगरपालिकाले कुनै खास योजना तर्जुमा गरेको देखिन्न । नगरपालिकाले हालसम्म कुनै गुरु योजना तयार गरेर त्यसका लागि बृहत् पहल गरेको पनि पाइन्न । समग्रमा यस नगर विभिन्न संस्कृति, परम्परा र सम्पदाको धनी नगर भएर पनि त्यसको आवश्यक प्रचार प्रसार नहुँदा ओझेलमा परेको देखिन्छ । त्यसैले, यस प्रस्तावमा मूलतः यस नगरपालिकाका सम्पदाको पहिचान गरी त्यसलाई अभिलेखीकरण गर्नु नै पहिलो प्राथमिकता रहेको छ । ती सम्पदाको प्रबर्द्धन प्रचारप्रसार गर्नु अनि ती सम्पदालाई समेटेर सम्पदा मार्गका रुपमा विकसित गरी पर्यटकीय क्षेत्र विस्तार गर्नु पनि नगरपालिकाको अर्को मुख्य कार्य ठहर्दछ । यसो गर्दा यहाँका सम्पदाको प्रचार प्रसार हुन जानेछ भने नयाँ पर्यटकीय गन्तव्य पहिचान गरी त्यसलाई विस्तार गर्न समेत सकिन्छ । जसका कारण तारकेश्वर समृद्ध नगरपालिका बन्न पुग्दछ ।

तारकेश्वर नगरपालिकाले यस नगर क्षेत्रका सम्पदाको उचितरुपमा व्यवस्थापन गर्नका लागि निम्न सुझाव कार्यान्वयन गर्नुपर्ने देखिन्छ :

१. सम्पदा पहिचान गरी त्यसको अभिलेखीकरण गर्ने,

२. सम्पदा संरक्षणका लागि गुरुयोजना तयार गर्ने,

३. सम्पदा संरक्षणका लागि आवश्यक बजेट विनियोजित गर्ने,

४. पुरातत्व, अभिलेखालय, पर्यटन र संस्कृति मन्त्रालयसँग समन्वय गरी विविध योजना सञ्चालन गर्ने,

५. मूर्त अमूर्त सम्पदा संरक्षणका लागि नगरपालिकाले विविध योजना तयार गर्ने,कार्यान्वयन गर्ने,

६. सम्पदा संरक्षणका लागि जनचेतना विस्तार गर्ने,

७. सम्पदालाई स्थानीय पाठ्यक्रममा समेट्ने,

८. सम्पदा संरक्षण गर्न सम्बन्धित क्षेत्रमा विभिन्न महोत्सव, मेलाको आयोजना गर्ने,

९. सम्पदा प्रचार प्रसार गर्न वृतचित्र निर्माण गर्ने,पुस्तक, स्मारिका प्रकाशित गर्ने,

१०. विभिन्न कार्यक्रम, कार्यशाला, गोष्ठीको आयोजना गर्ने,

११. स्थानीय नाच, परम्परा, संस्कृतिको संरक्षण र सम्बर्द्धनमा विशेष कार्यक्रम ल्याउने ।

१२.कला, संस्कृति, परम्परा सम्बन्धमा पुस्तक, ग्रन्थ प्रकाशित गर्ने लेखक स्रष्टालाई नगरपालिकाले आर्थिक सहयोग प्रदान गर्ने,

१३. जाति विशेषका पर्व, चाडपर्व, जात्रा मनाउन वा प्रवर्द्धन गर्न नगरपालिकाले आर्थिक सहयोग प्रदान गर्ने,

१४.पदमार्ग, घर आवास कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गर्ने, त्यसका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने,

१५महत्वपूर्ण सम्पदालाई समेटेर विशेष पर्यटकीय पदमार्ग निर्माण गर्ने र त्यसलाई पहिलो प्राथामिकतामा राख्ने ।

सन्दर्भसूचीः

पुरुषोत्तम शमशेर जवरा, श्री ३ हरुको तथ्य वृतान्त, विदयार्थी पुस्तक भण्डार, काठमाडौं, २०७२

बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रुपरेखा, कृष्णकुमारी देवी,वाराणासी १, २०३३

देवेन्द्र अर्याल आँसु ,ऐतिहासिक परम्परा:प्रतिभा र सृजना,गोलढुङ्गा साहित्य परिषद् , काठमाडौं,२०७२

जगदिशचन्द्र रेग्मी, लिच्छविकालीन इतिहास, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.,काठ.,२०५३

ज्ञानमणि नेपाल, नेपाल भोट चीन सम्बन्धका केही सांस्कृतिक पक्ष, ने.प्र.प्र. ,काठमाडौं, २०४५
....., नेपाल निरुक्त, ने.प्र.प्र., २०४०
सिल्भा लेभी, नेपाल भाग १, हिमाल किताब प्रा.लि., मे २०१३
सिल्भा लेभी, नेपाल भाग २, हिमाल किताब प्रा.लि., सेप्टेम्बर २०११
हर्क गुरुङ, मैले देखेको नेपाल, हिमाल किताब प्रा.लि., मे २०१४
धनवज्र वज्राचार्य , लिच्छविकालका अभिलेख ,नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि. २०३०
बालकृष्ण प्रोखेल, पाँच सय वर्ष , साझा प्रकाशन , २०५०
हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, ने.प्र.प्र., २०३०
जनकलाल शर्मा, हाम्रो समाज : एक अध्ययन, साझा प्रकाशन, २०६७
बाबुराम आचार्य, प्राचीनकालको नेपाल, श्रीकृष्ण आचार्य , २०६०
....., श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको सङ्क्षिप्त जीवनी, साझा प्रकाशन २०६१
शरदचन्द्र शर्मा भट्टराई,नेपाली वाङ्मय :केही खोजी केही व्याख्या, ने.प्र.प्र., काठमाडौं, २०४४
आनन्दमुनि वज्राचार्य , श्री हेवज्र नैरात्मा देवी म्हसिका, वज्रयान बौद्ध तथा महाविहार संघ ,२०६७
Hamilton, An Account of kingdom of Nepal, Asian Educational Services, New Delhi,1990
Mary Shepherd Slusser, Nepala Mandala : A Cultural Study of the Kathmandu Valley, 2 Vols, Princeton: Princeton University Press
Hubert Decleer, Account of Svayambhu, Belgium,2016
कुलचन्द्र कोइराला , नेपालको सांस्कृतिक परम्परा र राजमुकुट ने.प्र.प्र.,२०४५
लुमडी आचार्य,नागार्जुन, २०७२
पदम श्रेष्ठ,नेपाल मण्डल, ने.सं, १०३५
देवेन्द्र अर्याल 'आँसु', ऐतिहासिक धरोहर:पुरानो गुह्येश्वरी, युवामञ्च मासिक, गोरखापत्र संस्थान, काठमाडौं, २०५५ बैशाख
देवेन आँसु र श्यामकृष्ण प्रतीक्षा, धर्मस्थलीमा प्रचलित परम्परागत जात्राहरु, प्रयास स्मारिका, मनमैंजु सांस्कृतिक समाज,२०५४ चैत्र
देवेन्द्र अर्याल 'आँसु', महाभारतको कथासँग गाँसिएको नागार्जुन, गोरखापत्र दैनिक ,२०५३ माघ २२

देवेन्द्र अर्याल 'आँसु', धार्मिक तथा पर्यटकीय दृष्टिमा :गोलढुङ्गा, नेपाल समाचारपत्र,२०५४ श्रावण ५
देवेन्द्र अर्याल 'आँसु', धार्मिक तथा पर्यटकीयस्थल:गोलढुङ्गा, गोरखापत्र दैनिक, २०५४ फागुन ९
देवेन्द्र अर्याल 'आँसु', ऐतिहासिक धरोहर:पुरानो गुह्येश्वरी, कान्तिपुर दैनिक, २०५५ कार्त्तिक ७
देवेन्द्र अर्याल 'आँसु', पौराणिक चुल्हो, स्पेशटाइम्स, २०५८ मार्ग ११
देवेन्द्र अर्याल 'आँसु', ऐतिहासिक जितपुरफेदीको दुरावस्था, स्पेशटाइम्स, २०५७ माघ २०
देवेन्द्र अर्याल 'आँसु', कान्छो राष्ट्रिय निकुञ्ज, गोरखापत्र दैनिक,२०५८फागुन २५
देवेन्द्र अर्याल 'आँसु', बालाजु बाइसधारा मेला, युवामञ्च , गोरखापत्र संस्थान ,२०५७ चैत्र
देवेन्द्र अर्याल 'आँसु', राजधानीनजिकैको ऐतिहासिक थानागढीको दुरावस्था, महानगर दैनिक, कामना प्रकाशन ,२०५८ वैशाख ३०
देवेन्द्र अर्याल'आँसु',नेचुरल प्याराडाइज अर्थात् ओशो तपोवन,साप्ताहिक, कान्तिपुरपब्लिकेशन्स, २०५५,बैशाख ४
धर्मनारायण महर्जन,मनमैँजुको उत्पत्ति, इतिहास र संस्कृति, गोलढुंगा साहित्य परिषद्, २०७४
राष्ट्रिय अभिलेखालय पुरातत्व विभाग, कान्तिपुर शिलालेख, १,२,३,४
सूचना विभाग, सञ्चार मन्त्रालय, मेचीदेखि महाकाली भाग २, वि.सं.२०३१